**सङ्क्रामक रोगबाट बचौं र बचाऔं**

**गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायत विभिन्न सङ्क्रामक रोगहरू फैलिन सक्दछन् ।**

त्यसैले,

- सङ्क्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण आदिको नियन्त्रण गरौं,
- सङ्क्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ६० | काठमाडौं | शुक्रबार, ०७ असार २०८१ | Prabhab National Daily | Friday, June 21, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# कोकिनको ट्रान्जिट नेपाल !

## १६ करोडको कोकिन बरामद

- विदेशी नागरिकबाट नेपालमा भित्रिँदै कोकिन
- चार जना विदेशी नागरिक कोकिनसहित समातिए
- एक साताको अवधिमा चार जनाबाट झण्डै १६ करोड बराबरको चार किलो ५०४ ग्राम कोकिन बरामद

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल प्रहरीको लागुऔषध नियन्त्रण ब्युरोमा गत २७ जेठमा दुबईबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ठूलो परिमाणमा लागुऔषध कोकिन भित्रिँदै गरेको जानकारी आयो । लगत्तै ब्युरोले सादा पोसाकमा प्रहरी खटायो । विमानस्थलमा निगरानी बढ्यो ।

उक्त दिन अपराह्न फ्लाई दुबई विमान ल्यान्ड भयो । ब्युरोबाट खटिएका सादा पोसाकका प्रहरी रनवेसम्मै निगरानीका लागि पुगे । कोकिन बोकेर आएका भनिएका ६८ वर्षीय ताञ्जानियन नागरिक डोनाल्ड ज्याक्सन माबुगा विमानबाट त ओर्लिए तर रित्तै । दाह्री र कपाल सेताम्मे फुलेका उनी त्यसबेला थकित देखिन्थे । उनै मुगाबु विमानस्थलबाट ट्याक्सी चढेर ठमेल गए । त्यहाँ एक होटल बुक गरेर बसे । प्रहरी टोली उनको निगरानी राखेर फर्कियो । फेरि बिहान ६ बजे नै पुग्यो, प्रहरी उनकै कोठामा । उनी बसेको कोठा जाँच गर्दा प्रहरी चकित भयो । त्यहाँ भेटियो १८ क्याप्सुल कोकिन । ती सबै प्लास्टिक कोटेड (बलियो प्लास्टिकले बेरिएको) थियो ।

खाली हात नेपाल आएका ताञ्जानियन नागरिकको साथमा कोकिन कसरी ? प्रहरी अचम्ममा परे । त्यसपछि उनी प्रहरीको केरकारमा परे । त्यसबेला उनले कोकिन निलेर पेटमा ल्याएको बताए । थप ५९ क्याप्सुल आफ्नो पेटभित्र रहेको उनले खुलाए ।

यसपछि प्रहरीले उनलाई नेपाल प्रहरी अस्पताल महाराजगञ्ज लगे । त्यहाँ थप ५९ क्याप्सुल उनको पेटबाट निकालियो । उनी आफैंले र डाक्टरले निकालेको गरी जम्मा ७७ वटा कोकिनका क्याप्सुलहरू बरामद भएको लागुऔषध नियन्त्रण ब्युरोले जनाएको छ । ७७ वटा कोकिनको क्याप्सुलको परिमाण एक केजी २०६ ग्राम छ ।

ताञ्जानियन नागरिक माबुगाले ती प्लास्टिक कोटेड कोकिनका क्याप्सुलहरू इथियोपियाको अदिस अबाबा सहरबाट ल्याएको खुलाए । उनी त एक जना कोकिन कारोबारी भए । उनीबाहेक अरू तीन जना पनि पक्राउ परेका छन् ।

त्यसमध्येमै पर्छिन्, गत ३० जेठमा इमिरेट्सको विमानबाट ब्राजिल हुँदै काठमाडौं आएकी ३३ वर्षीय बोलिभियन महिला लौरा क्रुज टिकोना ला । उनको भन्सार कार्यालयले ट्राभल्स हिस्ट्री हेर्‍यो । भन्सार कार्यालयको आगमनतर्फ शंका लागि चेकजाँच थाल्यो । निलो रङको झोलामा टाँकहरू थियो । खोलेर हेर्दा कोकिन भेटियो । सबै कोकिन एकठाउँमा राखेर जोख्दा दुई किलो १०० ग्राम भयो । ब्युरोले ती महिलालाई नियन्त्रणमा लियो ।

यसको एक दिनपछि भेनेजुलियन नागरिकबाट एक किलो बढी कोकिन बरामद भयो । यही १ असारमा उनी कतार एयरवेजबाट नेपाल आएका थिए । ती भेनेजुलियन महिलाको साथबाट प्रहरीले एक किलो १९८ ग्राम बराबरको ९२ क्याप्सुल कोकिन बरामद गर्‍यो । उनी ठमेलबाट पक्राउ परिन् । यसरी दिनहुँजसो लागुऔषध कोकिन बरामद भइरहँदा काठमाडौं महानगर-२६ स्थित एक होटलमा शंकास्पद रूपमा चार जना बसिरहेको खबर ब्युरोमा पुग्यो । त्यहाँ गएर चेकजाँच जर्दा प्रहरीले कोकिनका ९२ क्याप्सुल बरामद गर्‍यो । उक्त कोकिनका क्याप्सुल लिनको लागि भारतीय नागरिक लाल रूतसाँगी आएका थिए । उनी पनि सोही स्थानबाट पक्राउ परे ।

(**क्रमशः पृष्ठ २ मा**)

# संसद्मा निरीह प्रधानमन्त्री

- प्रधानमन्त्री दाहालले संसद्मा जवाफ दिँदा कुनै दलका शीर्ष नेता थिएनन्
- कतिपय मन्त्री र सांसद देखिएनन्, संसद् रित्तोजस्तै देखियो
- संघीयताविरोधी बजेट निर्माण गर्ने मन्त्रीबारे मुख खोल्न सकेनन्





■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल संसद्मा प्रश्नोत्तर कार्यक्रममा सहभागी हुँदा दलका शीर्ष नेताहरू कोही देखिएनन् । उनकै मन्त्रिपरिषदका मन्त्री र सांसदहरू पनि थिएनन् । संसद् रित्तोजस्तै देखियो ।

तर, प्रचलनचाहिँ संसद्मा प्रश्नोत्तर कार्यक्रममा प्रधानमन्त्री सहभागी हुँदा सत्तारुढ र विपक्षी दलका नेतासँगै सांसदहरू सहभागी हुने गरिन्छ । मन्त्री त अनिवार्यजस्तै हुन्छ । बिहीबार संसद्मा त्यस्तो नदेखिएपछि प्रधानमन्त्री दाहाल असन्तुष्ट देखिए । उनले आफूलाई अपमान गरेको महसुस गरे ।

'हाम्रो सदनको एउटा परम्परा, प्रचलन, गरिमा जे भने पनि प्रधानमन्त्रीले बोल्ने दिन सत्तापक्ष पनि प्रतिपक्षका पनि सबै नेताहरू, सबै माननीय सदस्यहरू, मन्त्रीहरू इमर्जेन्सीबाहेक सबै माननीयज्यूहरू उपस्थित हुने प्रचलन नेपालको इतिहासमा स्थापित थियो,' उनले गुनासो गर्दै भने, 'तर अब क्रमशः त्यो पातलिन थालेको । कुनै अमुक व्यक्तिलाई अपमान गर्छु भन्ठान्नुभएको होला तर आफैंलाई पनि अपमान हो ।'

दाहालले संसद्मा ११ जना सांसदको प्रश्नको जवाफ दिइरहेकै बेला प्रमुख प्रतिपक्षी दलका नेपाली कांग्रेसका नेता शेरबहादुर देउवा बैठकबाट बाहिरिएका थिए । सत्ता साझेदार प्रमुख दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली बैठकमा उपस्थित नै भएनन् । अर्का सत्ता साझेदार नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र जनता समाजवादी (जसपा)का अध्यक्ष अशोक राई बैठकमा अनुपस्थित थिए ।

> हाम्रो सदनको एउटा परम्परा, प्रचलन, गरिमा जे भने पनि प्रधानमन्त्रीले बोल्ने दिन सत्तापक्ष पनि प्रतिपक्षका पनि सबै नेताहरु, सबै माननीय सदस्यहरु, मन्त्रीहरु इमर्जेन्सीबाहेक सबै माननीयज्यूहरु उपस्थित हुने प्रचलन नेपालको इतिहासमा स्थापित थियो । तर, अब क्रमशः त्यो पातलिन थालेको । कुनै अमुक व्यक्तिलाई अपमान गर्छु भन्ठान्नुभएको होला, आफैंलाई पनि अपमान हो ।
>
> ■ **पुष्पकमल दाहाल**
> **प्रधानमन्त्री**

संसद् बैठकमा दाहालकै मन्त्रिपरिषद्मा रहेका उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ र अर्का उपप्रधान तथा भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठ देखिएनन् । विपक्षी दल राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा. सिके राउत, नागरिक उन्मुक्ति पार्टी (नाउपा)की अध्यक्ष रञ्जिता श्रेष्ठलगायत पनि बैठकमा अनुपस्थित थिए । बैठकमा हाजिर गरेर धेरै सांसद बाहिरिए ।

यसबाट प्रधानमन्त्री दाहालले खल्लो महसुस गरे । फेरि, उनी त्यस्ता प्रधानमन्त्री देखिए, जो आफ्नै मन्त्रीहरूसँग निरीह नै भए । जबकि प्रधानमन्त्री कार्यकारी प्रमुख हुन् । उनी सरकारमा सर्वेसर्वा हुन्छन् । तर, बिहीबार संसद्मा उनको जवाफले निरीह रहेको देखायो । संघीयताको मर्ममाथि प्रहार गर्ने गरी मन्त्रालयगत बजेट निर्माण र मन्त्रीहरूले राजीनामापत्र खल्तीमा बोकेको जस्ता अभिव्यक्ति दिइरहँदा उनले यसबारे बोल्न सकेनन् ।

(**क्रमशः पृष्ठ २ मा**)

## बजेट पारित गर्ने समझदारी

बजेटमा सत्तापक्षकै सांसदबाट असन्तुष्टि प्रकट भएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल, एमाले अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेबीच बिहीबार साँझ छलफल भएको छ । त्यसक्रममा सत्तापक्षका सांसदको चासोलाई समेट्ने र बजेट पारित गर्ने समझदारी भएको छ ।

बजेटमा सबैको चित्त बुझाउन नसकिए पनि सत्तापक्षकै सांसदको मुख्य चासो सम्बोधन गर्नु उचित हुनेमा नेताहरू सहमत भएको बताइएको छ । छलफलको क्रममा नागरिक उन्मुक्ति पार्टीलाई सरकारमा सहभागी गराउनेबारे पनि संवाद भएको जानकारी दिइएको छ । मधेस सरकारको नेतृत्व गरेको जनमत र सुदूरपश्चिम सरकारमा सहभागी भएको उन्मुक्ति पार्टीलाई एक/एक मन्त्रालय दिने समझदारी भए पनि कुन मन्त्रीलाई फिर्ता बोलाउनेबारे ओली र दाहालबीच समझदारी भइसकेको छैन ।

एमाले र माओवादी केन्द्रका एक/एक मन्त्रीलाई फिर्ता बोलाएर जनमत र उन्मुक्तिलाई सरकारमा सहभागी गराउने पक्षमा प्रधानमन्त्री भए पनि तीन महिना नपुग्दै आफ्ना मन्त्री फिर्ता गर्न ओली तयार छैनन् ।

**सन्दर्भः वैदेशिक रोजगार**

# साउन १ देखि अनलाइनबाटै मागपत्र प्रमाणीकरण

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारसम्बन्धी सेवालाई सरल र प्रविधिमैत्री बनाउँदै अगामी साउन १ गतेदेखि विदेशमा रहेका नेपाली नियोगहरूबाट अनलाइनमार्फत मागपत्र प्रमाणीकरण हुने जनाएको छ । गत जेठ २४ गतेबाट युएईस्थित नेपाली दूतावासबाट अनलाइनमार्फत कामदारको मागपत्र प्रमाणीकरण सुरु भएकोमा आगामी साउन १ गतेदेखि मलेसिया, साउदी अरब, कतारसहित खाडीका अन्य मुलुकमासमेत अनलाइनबाटै मागपत्र प्रमाणीकरण हुने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जानकारी दिएको छ ।




मागपत्र प्रमाणीकरणका लागि गन्तव्य मुलुकका रोजगारदाता कम्पनीले बारम्बार नेपाली दूतावास धाउनुपर्ने, कागजातको आधिकारिक परीक्षणमा कठिनाइ हुने, कार्य प्रक्रिया पारदर्शी नहुने समस्या देखिएकाले अनलाइन प्रणालीको सुरुआत गर्न लागिएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता गोविन्द रिजालले बताए । ढिलोचाँडो प्रविधिको प्रयोग गरेर अनलाइन प्रणालीमा जानैपर्ने अवस्था थियो,' उनले भने, 'पछिल्लो समय व्यवसायीको धेरै समय र लागत लाग्नेजस्ता गुनासा आएकाले त्यसलाई व्यवस्थित गर्न पनि अनलाइन प्रमाणीकरणमा जाने तयारी गरिएको हो ।' युएईबाट आउने मागपत्र प्रमाणीकरणको कार्य अनलाइनबाटै सुरु भइसकेको उनले बताए ।

अनलाइन प्रणालीमार्फत वैदेशिक रोजगारीमा गएका कामदार समस्यामा परे मागपत्रअनुसार रोजगारदाता र म्यानपावर एजेन्सीमार्फत उद्धार तथा सहायता प्रदान गर्न सहज हुने मन्त्रालयले विश्वास लिएको छ । यसमा कन्सुलर सेवा विभाग र श्रम मन्त्रालयले संयुक्तरूपमा सूचना प्रविधिको उच्चतम प्रयोगमार्फत सरल र सहज सेवा प्रदान गर्नेतर्फ गृहकार्य भइरहेको प्रवक्ता रिजालले बताए ।

वैदेशिक रोजगारसम्बन्धी सेवालाई क्यासलेस, पेपरलेस र फेसलेस बनाउन अनलाइन प्रणालीले मद्दत पुग्ने मन्त्रालयले जनाएको छ । साथै रोजगारीमा रहेका कामदारहरूको यकीन तथ्यांक संकलन गर्न, समय र लागतलाई कम गर्न, व्यवस्थित र पारदर्शी सेवा प्रवाहबाट सुशासन कायम हुने तथा सेवाग्राहीहरू लाभान्वित हुने मन्त्रालयले अपेक्षा गरेको छ ।

केही दिनअघि श्रममन्त्री डोलप्रसाद अर्यालले मन्त्रालयको कार्यभार सम्हालेको १०० दिन पुगेको अवसरमा आयोजित पत्रकार सम्मेलनमा पनि गन्तव्य मुलुकहरूमा रहेका सबै नेपाली नियोगबाट अनलाइनमार्फत मागपत्र प्रमाणीकरणको व्यवस्था गर्न लागिएको जानकारी दिएका थिए ।

# महामन्त्री शर्मालाई लोकतान्त्रिक एसोसिएसनको ज्ञापनपत्र



**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा समाजिक मन्त्रालयले म्यानपावर व्यवसायीसँग कुनै राय सुझाव नलिई छड्के किनाराको साक्षीमात्रै बनाउने गरेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले आरोप लगाएको छ । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मालाई बिहीबार एक ज्ञापनपत्र बुझाउँदै एसोसिएसनले उक्त आरोप लगाएको हो ।

श्रम मन्त्रालयले नीतिगत सहजीकरण गर्नुपर्नेमा पटक-पटकको सरकार परिर्वतनसँगै मन्त्रालयमा आउने राजनीतिक नेतृत्वको महत्त्वाकांक्षाले वैदेशिक रोजगार व्यवसायलाई अत्यन्तै कठिन चुनौतीको सामना गर्नुपर्ने अवस्थामा पुर्‍याएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ । मन्त्रालयद्वारा वैदेशिक रोजगार व्यवसायीसँग राय सुझाव नलिने तर गैरव्यवसायी एवं एनजिओ र आइएनजिओका प्रतिनिधिहरूसँग बसेर नीति निर्माण गर्ने गरेको एसोसिएसनले जनाएको छ । सम्बन्धित स्टेक होल्डरहरूलाई छड्के किनारामा साक्षीमात्रै राख्ने परम्पराले रेमिटयान्समार्फत मुलुकको कूल गार्हस्थ उत्पादनको २९ प्रतिशत हिस्सा ओगट्न सफल वैदेशिक रोजगार व्यवसायलाई धराशायी बनाउन श्रृखंलाबद्धरूपमा जालझेल भइरहेको बताइएको छ ।

सरकारको मापदण्ड पूरा गरी इजाजतपत्र प्राप्त व्यावसायिक संस्थाहरूलाई वार्षिक १०० जना कामदारहरू पठाउनैपर्ने वैदेशिक रोजगार ऐन, २०६४ मा भएको वाध्यकारी (**क्रमशः पृष्ठ २ मा**)




# समाज कल्याण परिषद्लाई सातै प्रदेशमा विस्तार गरिने

**काठमाडौं (प्रस)–** समाज कल्याण परिषद्लाई सातै प्रदेशमा विस्तार गरिने भएको छ। बिहीबार बसेको परिषद्को बोर्ड बैठकले उक्त निर्णय गरेको हो। महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री तथा परिषद्की अध्यक्ष भगवती चौधरीको अध्यक्षतामा बसेको बैठकले सबै प्रदेशका सेवाग्राहीलाई सेवा प्रवाह गर्ने उद्देश्यले प्रदेश तहमा पनि परिषद्को कार्यालय स्थापना गर्ने निर्णय गरेको हो। उक्त कार्यका लागि परिषद्ले सम्भाव्यता अध्ययन टोली खटाएको छ।

बैठकले परिषद्लाई थप व्यवस्थित गर्न 'डिजिटलाइजेसन'मा लैजाने निर्णय गरेको छ। मन्त्री चौधरीले परिषद्लाई 'डिजिटलाइजेसन'मा लैजान यसअघि नै निर्देशन दिएका थिए। साथै, बैठकले परिषद्का पदाधिकारीहरूको कार्य विभाजन हेरफेर गरेको छ। जसअनुसार अध्यक्ष र सदस्यसचिवमा निहित अधिकारहरू उपाध्यक्ष, कोषाध्यक्ष र बोर्डका सदस्यलाई प्रत्यायोजन गर्ने जनाएको छ।

# भक्तपुरमा देखियो 'लेसर ग्रे स्राइक' जातको नयाँ चरा

**भक्तपुर–** युरोप, दक्षिण तथा पश्चिम एसियाको रैथाने पन्छी 'लेसर ग्रे स्राइक' पहिलोपटक भक्तपुरको मनोहरामा देखिएको छ। तापक्रम वृद्धिसँगै गर्मी भेगमा मात्रै हुने यो पन्छी असार लागेपछि भक्तपुरको मनोहरास्थित मिनि कोशी टप्पुमा भेटिएको चरा अन्वेषणकर्ता सञ्जय श्रेष्ठले जानकारी दिए। उनले काठमाडौं उपत्यकामा पहिलोपटक भक्तपुरको मनोहरामा देखिएको बताए।

पन्छी पथ प्रदर्शक शंकर तिवारीले मनोहरामा 'लेसर ग्रे स्राइक' भेटेपछि तस्बिर कैद गर्दै काठमाडौं उपत्यकासँगै नेपालको पहाडी भेगका लागि पहिलो अभिलेख गरिएको जानकारी दिए। नेपालमा पहिलोपटक गत वर्षको वैशाख अन्तिम साता राष्ट्रिय प्रकृति संरक्षण कोषका वन्यजन्तु प्राविधिक देवराज



जोशीले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको पूर्वी तटीय क्षेत्रमा यो चरा देखेका थिए। उक्त चरालाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विज्ञहरूको टोलीले नेपालका लागि पहिलो भएको पुष्टि गरेको पन्छी अनुसन्धानकर्ता श्रेष्ठले जानकारी दिए।

गौथलीझैँ देखिने, निधार र टाउकोमा कालो रङ तथा कालो पखेटाको मध्य भागमा सेतो रङ हुने र लामो दूरीसम्म उड्न सक्ने यो चरा भक्तपुरमा असार लागेपछि जोडीनै देखिएको उनले बताए। युरोप र पश्चिम एसियाका पानी कम पर्ने स्थान मरुभूमि आसपासका भेग र भारतको राजस्थान, पाकिस्तान, अफगानिस्तानका सुक्खा भेगमा लेसर ग्रे पाइने उनले जानकारी दिए। यो सँगै मनोहरामा पन्छीका करिब ३०० प्रजाति अभिलेख भएका छन्।

एक महिनाअघि मनोहरामा 'जल कुखुरा' पनि देखिएको थियो। नेपालका अन्य भेगमा प्रायः नपाइने 'ठूलो कस्दरी' जलपन्छी २०७९ भदौमा, सोही वर्ष ७ भदौमा मनोहरामा सेतो पंखे फचालफचाले र २०७८ असोज अन्तिम साता मनोहरा खोला किनारमा १९२ वर्षपछि पानी गौथली देखिएको अनुसन्धानकर्ता श्रेष्ठले जानकारी दिए। *रासस*

नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
भुमि सुधार तथा मालपोत कार्यालय,
मलाही मलंगवा, मोही फांट

**३५ दिने सार्वजनिक सूचना**

जि सलाही साविक गा.वि.स. डुमरिया वार्ड नं. ९ हाल बलरा न.पा.वार्ड नं. ७ मा वस्ने **उम्रावती भुमिहारनी** लाई हकदावी गर्न आउने वारेको सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही डुमरिया वार्ड नं. ९ हाल बलरा न.पा. वार्ड नं. ७ मा बस्ने **रिना देवी धोवी** को नाममा दर्ता कायम रहेको जि.स.गा.वि. डुमरिया वार्ड नं. ९ कि.नं. ६२ को ज.वि. ०-११-१० जग्गाको मोही महलमा जि. सर्लाही साविक गा.वि.स. डुमरिया वार्ड नं. ९ हाल बलरा न.पा. वार्ड नं. ७ मा बस्ने उम्रावती भुमिहारनी को नाम उल्लेख रहेकोमा जग्गा धनीले **मरुवा मोही लगत कट्टा** गरि पाउँ भन्ने निवेदनमा मिति २०८१/३/५ गतेको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम **भगुवा मोही लगत कट्टा** तर्फको कार्यवाही भै जाने यसै सूचनाद्धारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/१०/२१ मा दर्ता भएको **प्रा.लि. नं. २५४७६१** को **आन्भी हेल्थ क्लिनिक प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) (क) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## पृष्ठ १ बीट क्रमशः

## महामन्त्री शर्मालाई...

व्यवस्थाले हरेक आर्थिक बर्षको अन्त्यमा संस्था नवीकरण नहुने र इजाजतपत्र नै खारेज हुने त्रासमा रहेका व्यवसायीलाई बाधा अडकाउ फुकाउमार्फत इजाजतपत्र नवीकरणको निम्ति पहल गरिदिन पनि एसोसिएसनले आग्रह गरेको छ।

त्यस्तै अर्थ मन्त्रालयसँग समन्वय गरी व्यवसायीले राखेको नगद धरौटीको ब्याज उपलब्ध गराउन सम्बन्धित निकायमा जोडदारका साथ आवाज उठाइ ब्याज उपलब्ध हुने व्यवस्था मिलाइदिन पनि महामन्त्री शर्माको ध्यानाकर्षण गराइएको छ। वैदेशिक रोजगार क्षेत्रमा देखिएका समस्याहरूलाई तत्काल सम्बोधन गर्नका लागि कांग्रेसको तर्फबाट एसोसिएसनलाई साथमा लिएर श्रम मन्त्रालयसँग समन्वय गरी निष्कर्ष उन्मुख छलफलको व्यवस्था गर्नुपर्ने मागसहित महामन्त्री शर्मालाई ज्ञापनपत्र बुझाइएको एसोसिएसनका अध्यक्ष दिपक थापाले बताए।

## संसद्मा निरीह...

सत्तारुढ दल एमालेका सांसद ठाकुर गैरे र अर्का सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद डा. तोसिमा कार्कीले स्थानीय सरकारले छुटयाउनुपर्ने बजेट जसरी किन एक लाखको योजना छुटयाएको भन्दा प्रधानमन्त्री दाहालले गोलमोटोल जवाफ दिए। आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गर्नुअघि भने उनले एक लाख, पाँच लाखजस्ता सानो आकारको बजेट हुने योजना छनोट नगर्ने भनेका थिए। अर्थमन्त्री वर्षमान पुनले १५ जेठमा बजेट प्रस्तुत गर्दा पनि त्यस्तो थिएन। तर, मन्त्रालयगत बजेटमा भने टुक्रे योजनामा बजेट समेटिएको खुल्यो।

यसलाई लिएर सांसद गैरे र कार्कीले प्रश्न गर्दा अस्पष्ट जवाफ दिँदै प्रधानमन्त्री पन्छिए। उनले प्रदेश र स्थानीय सरकारले पनि त्यस्ता योजनामा बजेट विनियोजन गर्ने दाबी गरे। उनी नेतृत्वको सरकारले ल्याएको बजेटलाई लिएर सत्तारुढ दल एमालेले आलोचना गर्दै आएको छ। रास्वपाकै सांसदहरू पनि बजेटमाथि प्रश्न उठाइरहेका छन्। अन्य सत्तारुढ घटकमा रहेका दलहरू पनि आलोचक देखिए। प्रधानमन्त्री दाहालले भने संसद्बाट यसबारे जवाफ दिनै सकेनन्।

उसो त अहिलेको सत्ता गठबन्धनमा देखिनेगरी अविश्वास र असन्तुष्टि बढेको संसद्मा बजेट प्रस्तुत भएसँगै हो। १५ जेठमा अर्थमन्त्री पुनले बजेट पेस गरेपछि एमालेले प्रारम्भिक प्रतिक्रिया सकारात्मक दियो तर २० जेठमा संसद्मा बजेटमाथि छलफल सुरु हुँदाचाहिँ आलोचनामा उत्रियो। दुईपटक संसदीय दलको बैठक नै राखेर एमाले अध्यक्ष ओलीले बजेटमाथि असन्तुष्टिमात्र जनाएका थिएनन्, संसद्मा प्रभावकारीरूपमा छलफल गर्न आफ्ना सांसदहरूलाई निर्देशनसमेत दिए। त्यतिमात्र होइन, उनले बजेटले विकास नै रोकिदिएकोसम्म टिप्पणी गरिसकेका छन्।

यसरी सत्ता सहयात्रीबाटै बजेटको विरोध हुँदा प्रधानमन्त्री दाहाल थप दबाबमा परे। त्यसकारण दाहालले सार्वजनिकरूपमा सरकारविरोधी अभिव्यक्ति दिने मन्त्री र सांसदहरूलाई जवाफ दिन सकेनन्। यसरी सत्ता सहयात्रीबाट बजेटमा भएको विरोधले गठबन्धनमा बढिरहेको अविश्वास देखाएको छ।

आश्चर्यजनक त के छ भने गृहमन्त्री रवि लामिछानेले सहकारी ठगी आरोपी जिबी राईलाई पूर्ववर्ती सरकारले भगाएको आरोप नै लगाए। उनले पूर्ववर्ती सरकार भनेको दाहाल नेतृत्वकै अघिल्लो सरकार हो। गृहमन्त्री लामिछानेको यस्तो आरोपमाथि टिप्पणी गर्दै दाहालले वाहियत भनेका छन्। फेरि, हालै दाहाललाई सुइँको नदिइकन प्रहरी महानिरीक्षक परिवर्तन गर्ने तयारीमा गृहमन्त्री जुटेको हल्ला फैलियो। दाहालले हालै चितवन पुगेर प्रहरी महानिरीक्षक परिवर्तन नहुने बताए। यसपछि रास्वपासँग दाहालको सम्बन्ध चिसिएको छ।

राजदूत फिर्ताको विषयले गठबन्धनकै एउटा दल नेकपा एकीकृत समाजवादी पनि असन्तुष्ट छ। हालै फिर्ता बोलाइएको राजदूतमा कांग्रेस र एकीकृत समाजवादीका हुन्। गठबन्धन दलहरूबीच समझदारीविना दाहालले आकस्मिकरूपमा राजदूत फिर्ता गरेको एकीकृत समाजवादीको टिप्पणी छ। यी राजनीतिक परिदृश्यले प्रधानमन्त्री दाहाल संसद् र सत्ता दुवैमा कमजोर देखिएका हुन्।

## कोकिनको ट्रान्जिट...

पक्राउ परेका उनीहरूमाथि लागुऔषध नियन्त्रण ऐन, २०३३ बमोजिम आवश्यक कारबाही भइरहेको प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिए। एक साताको अवधिमा चार जनाबाट चार किलो ५०४ ग्राम कोकिन बरामद गरिएको छ। बरामद भएका ती सबै कोकिनको अवैध बजार मूल्य झण्डै १६ करोड रूपैयाँ रहेको बताइएको छ। उनीहरू सबैलाई लागुऔषध नियन्त्रण ब्युरोले पक्राउ गरी बिहीबार पत्रकार सम्मेलन गरेर सार्वजनिक गरेको छ।

## सडक डिभिजन ललितपुर

**बोलपत्र आह्वानको सूचना**

**प्रकाशन मितिः २०८१/०३/०७**

यस डिभिजनबाट निर्माण कार्यको लागि IFB No.11-RDLTP/080/81 तथा ठेक्का नं RDLTP/ 33731011-3/080/81–36, RDLTP/33701138–4/080/81-38/ RDLTP/33731011–3/080/81–39 को बोलपत्र आह्वानको सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website bolpatra.gov.np/egp मा प्रकाशित गरिएकोले उक्त वेभसाइट हेर्नुहुन सम्बन्धित सवै को जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**डिभिजन प्रमुख**

नेपाल सरकार
दावी विरोध सम्बन्धी
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री **Felicity International Employment Agency Pvt. Ltd. (ई.प.नं. २२६/०५८/०५९) काठमाडौंको साविकको ठेगाना काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २६** परिवर्तन गरी **काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३** काठमाडौं ठेगाना कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

**कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७६/०५/२६ मा दर्ता भएको प्रा.लि. नं. २२४२५९/०७६/०७७ को ड्रिम एभरेष्ट ट्राभल एण्ड टुर्स प्रा.लि. को मिति २०८१/०३/०१ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय नयाँबजार काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ । अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ ।**

लिक्विडेटरः जगदिश बम, इजाजतपत्र नं. ५५७
फोन नं. ९८५१००४४१४, ठेगानाः का.म.न.पा. वडा नं. २९

**पुरानो कर्मचारी हटाई नया कर्मचारी नियुक्ति सम्बन्धी सूचना**

नेपाल सरकारवाट वैदेशिक रोजगार व्यावसाय सञ्चालन गर्न श्रम इजाजत पत्र नं. **५३५/०६१/०६२** को यस **इलाइट गोर्खाज ओभरसिज प्रा.लि.** ले वैदेशिक रोजगार विभागको स्वीकृतिमा तपसिल बमोजिमका उल्लेखित नाम, थर र ठेगाना भएका कर्मचारीहरु हटाई नया कर्मचारीहरु नियुक्त गरिएको जानकारी गरिन्छ ।

**हटाइएको कर्मचारीहरुको विवरणः**

| कर्मचारीको नाम | कर्मचारीको पद |
|---|---|
| अमर तामाङ | कागजात अधिकारी (Documentation) |
| मिना कुमारी तामाङ | रिसेप्सनिस्ट |

**नया कर्मचारीहरुको विवरणः**

| कर्मचारीको नाम | नागरिकता नम्बर | कर्मचारीको पद |
|---|---|---|
| विकास बहादुर परियार | १२०८६५ | प्रवन्धक (Manager) |
| आशा योन्जन | ३०-०१-७८-१४५५५ | कागजात अधिकारी |
| सगुन थापा | २७१०२६-१२९२०२ | कागजात अधिकारी (Documentation) |
| प्रिया श्रेष्ठ | ४४-०१-७७-०७०९८ | लेखा (Accountant) |
| अञ्जु रायामाझी | २०४७/२२४७० | कार्यालय सहयोगी |

**Elite Gurkhas Overseas Pvt. Ltd.**
Gongabu Town Planning-29 Kathmandu, Nepal, Tel.: +977-1-4975566, 4975567, 4975568
Fax: 977-1-4975566, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

असार ०७ गते २०८१, शुक्रबार

| | |
|---|---|
| **मेष** | सहज ढंगले काम सक्ने प्रयास हुनेछ । |
| **वृष** | इच्छाएबमोजिम आफूलाई प्रस्तुत गरिनेछ । |
| **मिथुन** | शंकालु मनले आफैँलाई दुःख दिनेछ । |
| **कर्कट** | मिहीनेतले काम, दाम र इमान हात पर्नसक्ला । |
| **सिंह** | समयअनुसार काममा ध्यान दिइनेछ । |
| **कन्या** | कुनै आर्थिक काममा संलग्न हुनुपर्ला । |
| **तुला** | सातामा संघर्ष गरेपनि सफलता पाइएला । |
| **वृश्चिक** | कुनै कुराले मनलाई प्रसन्नता दिलाउनेछ । |
| **धनु** | विभिन्न कुनै कुराले व्यस्त भइनेछ । |
| **मकर** | महिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ । |
| **कुम्भ** | शरीरमा थकानको मात्रा बढ्न सक्छ । |
| **मीन** | कुनै कुरामा पनि नहतारिनु उपयुक्त रहनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार ०७ गते, २०८१, २१ जुन, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.४० | १३४.०० |
| युरो | १ को | १४२.९५ | १४३.५९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६९.०३ | १६९.७९ |
| स्विस फ्रैन्क | १ को | १४९.५२ | १५०.१९ |
| अस्ट्रेलियन डलर | १ को | ८८.०८ | ८८.४७ |
| क्यानाडियन डलर | १ को | ९७.०८ | ९७.५२ |
| सिंगापुर डलर | १ को | ९८.६१ | ९९.०६ |
| जापानी येन | १० को | ८.४६ | ८.५० |
| चिनियाँ युआन | १ को | १८.३८ | १८.४७ |
| साउदी अरब रियाल | १ को | ३५.५५ | ३५.७१ |
| कतारी रियाल | १ को | ३६.५९ | ३६.७५ |
| थाई भाट | १ को | ३.६३ | ३.६४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३२ | ३६.४८ |
| मलेसियन रिङेट | १ को | २८.२७ | २८.३९ |
| दक्षिण कोरियन वन | १०० को | ९.६६ | ९.७० |
| स्विडिस क्रोनर | १ को | १२.६६ | १२.७२ |
| डेनिस क्रोनर | १ को | १९.१६ | १९.२५ |
| हङकङ डलर | १ को | १७.०८ | १७.१६ |
| कुवेती दिनार | १ को | ४३४.८३ | ४३६.७८ |
| बहराइन दिनार | १ को | ३५३.९३ | ३५५.५२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध|लचदा|यचन|लउ मा उपलब्ध हुनेछ ।

# आइतबारसम्म देशभर मनसुन फैलिने

**काठमाडौं (प्रस)–** आगामी आइतबारसम्म देशभर मनसुन फैलिने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान माहाशाखाले जनाएको छ ।

महाशाखाकी मौसमविद् प्रतिमा मानन्धरका अनुसार बिहीबारसम्म मनसुन मुलुकको पूर्वी भू-भाग हुँदै लुम्बिनी प्रदेशसम्म पुगेको छ । समान्यतया जुन १३ मा मनसुन नेपाल भित्रिने भए पनि यस वर्ष जुन १० मा मनसुन मुलुकको पूर्व क्षेत्रबाट भित्रिन सुरु गरेको थियो । पश्चिमी वायुको प्रभावका कारण सुदूरपश्चिम तथा मुलुकको पश्चिमी क्षेत्रमा मनसुन फैलिन समय लागिरहेको उनले जानकारी दिइन् ।

'नेपालमा १० दिन भयो मनसुन सुरु भएको तर अझै पनि पश्चिम र सुदूरपश्चिम क्षेत्रसम्म पुग्न सकिरहेको छैन,' मानन्धरले भनिन्, 'आइतबारसम्म मुलुकभर मनसुन फैलिएपछि तातो हावाको लहरको जोखिम विस्तारै हट्दै जाने छ ।' उनका अनुसार अघिल्लो वर्ष नेपालमा मनसुन भित्रिएको तीन सातापछि मात्रै देशभर फैलिएको थियो ।

महाशाखाका अनुसार हाल देशको पूर्वी भू-भागमा मनसुनी प्रणालीको प्रभाव रहेको छ भने बाँकी भू-भागमा स्थानीय वायु तथा भारतको विहार आसपास रहेको न्यून चापीय क्षेत्रको आंशिक प्रभाव रहेको छ । आगामी शनिबारसम्म कोशी र गण्डकी प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना रहेको भन्दै महाशाखाले सतर्कता अपनाउन अनुरोध गरेको छ ।

# ओझेलमा खुमखानी



■ दीपक बोहरा

**तुलसीपुर (दाङ)–** दाङ आफैंमा विकसित जिल्ला हो तर अझै पनि दाङको खुमखानीलगायत कतिपय गाउँहरूमा सडक सुविधा नपुगेको मात्र होइन, शिक्षा, स्वास्थ्यजस्ता आधारभूत सेवा पनि पुग्न सकेको छैन । तुलसीपुर उपमहानगरपालिका-४ स्थित यस गाउँका बासिन्दा सडक नहुँदा उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटोमै धेरैले ज्यान गुमाउनुपरेको छ ।

पढाइका लागि त्यहाँ एउटा कक्षा ५ सम्मको विद्यालय भए पनि दरबन्दीको अभावमा राहतका एक र बाल विकासका एक गरी दुई शिक्षकमात्रै छन् । कक्षा ५ भन्दा माथिको अध्ययनका लागि बजार नै जानुपर्ने हुँदा आर्थिक अवस्था कमजोर परिवारका बालबालिकाले पढाइलाई निरन्तरता दिनसकेका छैनन् । अहिलेसम्म त्यो गाउँका छ-सातजनाले मात्रै कक्षा १२ सम्म पढेका छन् ।

कुनै समय राजाले राज्य गरेको यो ऐतिहासिक ठाउँ पनि हो । बाइसे-चौबिसे राज्य भुरेटाकुरे राजाहरूले राज गरेको इतिहास खुमखानीमा छ । स्थानीय ओपबहादुर थापाका अनुसार वारि खुमखानी राजा र पारि छिल्लीकोटे राजाबीच वारिपारि लडाइँ हुन्थ्यो । त्यसका केही-केही अवशेषहरू अहिले पनि भेटिने गरेको ६९ वर्षीय थापाले बताए । त्यहाँ केही आकर्षक ढुंगाहरू भएको स्थान भेटिन्छ, जसलाई 'हनुमान ढोका' भन्ने गरिएको उनको भनाइ छ । हनुमान ढोकाभन्दा तल रहेको ठूलो वन क्षेत्रलाई 'टुँडिखेल' भनिन्छ । टुँडिखेलमा पहिले राजाहरूका सिपाहीहरूले कवाज खेल्ने ठाउँका रूपमा थियो ।

तुलसीपुर बजारबाट खुमखानी हेर्दा आकर्षक पनि देखिन्छ । अग्ला डाँडाकाँडा भएकाले जिल्लाका सबै भू-भागसहित रुकुम, रोल्पा, सल्यान, प्यूठानसहित भारतका केही ठाउँहरू पनि देखिने हुँदा यहाँ पर्यटकीय सम्भावना पनि रहेको छ । खुमखानीमा उपल्लो गाउँ, तल्लो गाउँ, च्यानडाँडा र झारगाउँ गरी चारवटा गाउँ छन् । कुनै समय त्यहाँ ६०-६५ घर थिए । विकासको पूर्वाधार राम्रो नहुँदा अहिले त्यहाँ ३२ घर छन् । तर, अलिकति जीवनस्तर सुध्रियो भने त्यहाँबाट बजारतिर बसाइँ सरिहाल्ने गरेको स्थानीय अमरबहादुर घर्तीले बताए । 'पहिले यहाँ ६०-६५ घर थियो,' स्थानीय घर्तीले भने, 'तर, यहाँको दुःख देखेर अहिले अलिकति हुनेखाने भएपछि बजारतिर झरिहाल्छन्, अहिले हामीहरू त्यहाँ ३२ घरको हाराहारीमा छौं ।'

खुमखानी गाउँ स्वास्थ्यका हिसाबले समेत पछाडि परेको छ । 'गाउँमा सामान्य उपचार पनि हुँदैन । सिटामोल किन्नुपर्‍यो भने पनि बजार नै झर्नुपर्छ,' घर्तीले भने, 'सामान्य घाउचोट लाग्यो भने बजार नै पुग्नुपर्छ । सडक सुविधा नहुँदा बिरामीलाई डोकोमा बोकेर बजार पुर्‍याउनुपर्ने अवस्था रहेको छ ।'

यहाँका बासिन्दा कृषि र पशुपालनमै निर्भर छन् । यहाँ अहिले विद्युत् र खानेपानीको सुविधा भने पुगेको छ । विद्युत् पुगेसँगै त्यहाँका बासिन्दा खुसी भएका छन् । 'हामीले विद्युत् पाउने कल्पना पनि गरेका थिएनौं, अहिलेसम्म सडक पनि पुगेको छैन,' स्थानीय छवि विकले भने । सोलारको प्रयोग गरी लिफि्टङ गरेर खोलाबाट पानी ल्याइएकाले खानेपानीमा भने केही सहज भएको छ । यसअघि घण्टौं हिँडेर पानी ल्याउनुपर्ने बाध्यता रहेको थियो भने विद्युत् नहुँदा सोलार र टुकीको भर पर्नुपर्ने अवस्था थियो । यस गाउँसम्म सडक पुर्‍याउन चालु वर्षमा लुम्बिनी प्रदेश सरकारले विनियोजन गरेको ३० लाख रूपैयाँ बजेटबाट केही सडक ट्र्याकको काम सुरु भएको छ भने आगामी आर्थिक वर्षका लागि संघीय सरकारले एक करोड रूपैयाँ बजेट विनियोजन गरेको छ । *रासस*


# कतारमा रोजगारको अवसर

**Qatar Engineering & Construction Company WLL** Qatar, Doha

पुर्व स्वीकृति मितिः२०७४/०२/२६, पुनः विज्ञापन स्वीकृति मितिः २०७४/०६/२० | पत्र संख्याः ०८०/८१ | चलानी नं.: ६०२१५५४४ | LT No. 300623

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | सुविधा खाने | सुविधा बस्ने | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labour | 10 | सम्बन्धित कामका दक्ष | 1000 | ३६,६७० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष | अन्तर्वार्ता |
| २. | Driver | 11 | | 1400 | ५१,३३८ | | | | | | | | |
| ३. | Supervisior | 05 | | 3000 | १,१०,०१० | | | | | | | | |

**TUBECARE INTERNATIONAI** Qatar, Doha

पुर्व स्वीकृति मितिः२०७४/०६/१९ | पत्र संख्याः ०८०/८१ | चलानी नं.: ६०२२१४६३ | LT No. 306720

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | सुविधा खाने | सुविधा बस्ने | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Helper | 02 | क. नि. अनुसार | 1000 | ३६,६७० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष | अन्तर्वार्ता |

| सेवा शुल्क | स्वदेशमा गरिने प्रि. मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले व्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क |
|---|---|---|---|---|---|---|
| निःशुल्क | कामदार आफै | दिने क. नि. अनुसार | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्यरुपमा लिनुहोला। (२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। (४) विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। (५) विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को (१) एक प्रति आफुसंग राख्नुहोला। (६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगीने सम्भावना हुन्छ। (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग, तिनकुनेमा सम्पर्क राख्नुहोला। छनोट भइ भिषा प्राप्त गरीसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा वापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ। **कुल लागत खर्चः निःशुल्क**

**अन्तर्वार्ता २०८१ असार १४ गते (June 28, 2024) कम्पनीको कार्यालयमा हुनेछ ।**

**अरब रिक्रुटिङ्ग सर्भिसेज प्रा. लि.**
गणेश मार्ग, सुबिधानगर, तिनकुने, काठमाण्डौ।
फोनः ४१११५६०, फ्याक्सः ४१११६२३ Email: ars@arabrecruiting.com
श्रम इजाजत पत्र नं. ७३/०५२/०५३



# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **HALA AL JUBAIL CONTRACTING EST.**

पूर्व स्वीकृति मिति २०८१/०२/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/03/०६ | LT. No. 305548 | चलानी नं. ६०२२०३३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 5 | 0 | 1200 | ४२,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १४ गते (28th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com


बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, ललितपुर
गोदावरी, ललितपुर

## गोलिया काठ/दाउराको बोलपत्रद्वारा गरिने लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१।०३।०७ गते

ललितपुर जिल्ला अन्तर्गत डिभिजन वन कार्यालय ललितपुर गोदावरिको कार्यालय कम्पाउण्डमा रहेको मोतिचौर सामुदायिक राष्ट्रिय बाल उद्यानमा रहेका नियमानुसार कटान भई उत्पादन भएका तपसिल जात, थान र परिमाणका गोलिया काठ र दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलबन्दी बोलपत्रवाट लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई सूचिकृत उद्योगले यो सूचना प्रकाशित मितिले २१ दिन भित्रमा बोलपत्र फारम डि.व.का, ललितपुरबाट खरिद गरी यसै कार्यालयमा २२ औं दिन दिउसो ११:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न सूचित गरिन्छ । बिस्तृत सूचना र थप जानकारीको लागि कार्यालयमा सम्पर्क राख्नु हुन समेत सूचित गरिन्छ ।

तपसिल

| लट नं | कटान भएको स्थान/आ व | जात | थान | परिमाण (क्यू फिट) | दाउरा (चट्टा) |
|---|---|---|---|---|---|
| १ | डिभिजन वन कार्यालय ललितपुर गोदावरिको कार्यालय कम्पाउण्डमा रहेको मोतिचौर सामुदायिक राष्ट्रिय बाल उद्यान गोदावरी ३ । | उतिस, कपुर | २२४ | १५०३.४८ | २.५ |

मधेस प्रदेश सरकार
भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि निर्देशनालय
कृषि ज्ञान केन्द्र
कलैया, बारा
मधेस प्रदेश, नेपाल

## क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट ट्र्याक्टर (2WD 50 एच.पी. थान-1) खरिद सम्बन्धि शिलबन्दि प्रस्ताव आह्वानको सूचना

**(प्रथम पटक प्रकाशन मितिः- २०८१/०३/०७ गते)**

यस कार्यालयको आ.ब. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मूल्य श्रृखंलामा आधारित दुई बाली धान उत्पादन कार्यक्रम अन्तर्गत कृषि सहकारीको सहकार्यमा कस्टम हायरिङ्ग सेन्टर स्थापना कार्यक्रम अन्तर्गत ट्र्याक्टर (2WD 50 एच.पी. थान-1) छनौट भएका अनुदानग्राहीलाई खरिदमा अनुदान दिने प्रयोजनका लागि क्याटलग सपिङ्ग विधिबाट खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ८औं दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा रितपूर्वक शिलबन्दि निवेदन दर्ता गराउन आह्वान गरिएको छ तथा दर्ता गरिएका शिलबन्दि प्रस्तावहरू सोहि दिन १४:०० बजे खोलिनेछ । यो सम्बन्धि विस्तृत सूचना यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेबसाईट http://bara.akc.gov.np मा समेत हेर्न सकिने छ ।

## वान्टेड बचत तथा ऋण सहकारी सस्था लि.को धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ दिने सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८१/०३/०७

यस वान्टेड बचत तथा ऋण सहकारी सस्था लिमिटेडको प्रधान कार्यलय गो.न.पा-०८, माकलबारी काठमाण्डौंबाट वान्टेड जग्गा खरीद कर्जा शिर्षकअन्तर्गत कर्जा लिई उपभोग गरेको ऋण कर्जा समय समयमा तिर्नु बुझाउनु पर्ने साँवाब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एंव मौखिक रुपमा सूचना गरी तरताकेता गर्दासमेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ चासो नदेखाई वेवास्ता गरेकोले तपाई ऋणीलाई मिति २०८१/०२/२३मा प्रभाव दैनिक पत्रिकामा १५ (प्रन्ध) दिने सार्वजनीक सूचना प्रकाशित गरी ऋण तथा व्यक्तिगत जमानी कर्तालाई समेत सूचित गर्दा कर्जाको सावाँब्याज समेत चुक्ता भुक्तानी गर्नेतर्फ कुनै चासो नदेखाएकोले सुरक्षण वापत सहकारीको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवसथामा लिलाम बिक्री गरीने भएकोले सर्वसाधारणको जानकारीको लागी यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र को आह्वान गरीएको छ। यो सुचना प्रकाशित भएको मितिले ८ (आठ) औ दिनमा वान्टेड बचत तथा ऋण सहकारी सस्था लिमिटेडको प्रधान कार्यलय गो.न.पा ०८, माकलबारी काठमाण्डौंमा दिउँसो ४:०० बजे गोप्य शिलबन्धी बोलपत्र खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्धी बोलपत्रद्धारा आफुले बोलकबोल गर्ने रकमसहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउनसमेत अनुरोध गरीन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि सहकारीको सम्पूर्ण लेना रकम असुलउपर नभएमा सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ अनुसारको ऋणी तथा व्यक्तीगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुलउपरका लागि ऋण असुली न्यायधिकरणमा मुद्दा दायर गरीने व्यहोरा ऋणी, व्यत्तीगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै यस सुचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु सहकारी ऐन २०७४ बमोजिम संस्था आफे सकार गरी लिन सक्ने व्यहोरासमेत जानकारी गराइएको छ।

| तपसिल | | |
|---|---|---|
| कर्जाशिर्षक : वान्टेड जग्गा खरीदकर्जा | जमानीकर्ताको नाम र ठेगाना | धितो राखिएको सम्पत्तिको विवरणः |
| ऋणीको नाम र ठेगाना<br>नाम : माया लामा<br>पति : सम्बर बा.तामाङ्ग<br>ससुरा : भचु ब. तामाङ<br>हाल : गोकर्णेश्वर-०८, माकलबारी<br>ना.प्र.नं. : २२६८५<br>जारी मिति : २०५८/०९/०१<br>जि.प्र.का : दोलखा | नाम : सम्बर ब. तामाङ<br>बुवा : भचु ब. तामाङ<br>हाल : गोकर्णेश्वर ०८,माकलबारी<br>ना.प्र.नं. : ११७३७०<br>जारी मिति : २०६०/०१/१९<br>जि.प्र.का : काभ्रेपलान्चोक | धितो सुरक्षण धनीको नाम : माया लामा<br>जिल्ला : काठमाण्डौ<br>न.पा./गा.वि.स.: थली डांछी<br>वडा नं./नक्सा सिट नं.:४<br>कि.नं.: १२१८<br>क्षेत्रफल : ०-३-०-० रोपनी ९५.३९ |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिने लाई सुचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गदे सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरीएको छ, तोकिएको दिनधितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुदाँका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थितहुन सूचित गरीएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरीवा सहकारी आफैले सकार गर्दा समेत साविकमा सहकारी बाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा सहकारी आफैले सकार गरी लिएमा पछि मेरो, हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा सहकारी आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरू :**

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबूल गरेको जम्मा रकमको १०% ले हुने रकम धरौटी वापत यस सहकारीको नाममा खिचिएको कुनै पनि वाणिज्य बैकको सक्कलै ड्राफ्ट गुडफरपेमेन्ट चेक नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकमक बोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम सहकारी सस्थाले भुत्तान माग गरेको मितिले ७ दिनभित्रमा वान्टेड बचत तथा ऋण सहकारी सस्था लिमिटेडमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतःजफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिनविदा परेमा त्यसको लगतै कार्यलय खोल्ने दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी विदाबाहेक) पुनःलिलामी खोल्ने कार्य हुनेछ।
७. सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ अनुसार लिलामबिक्रि गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागीहरुलाई चित्त बुझ्दो नभएमा यस सस्थाले उक्त सम्पत्तिको स्वामित्व आफुमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्रि हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहानु हुने महानुभावहरुले वान्टेड बचत तथा ऋण सहकारी सस्था लिमिटेडको प्रधान कार्यलय गो.न.पा ०८, माकलबारी काठमाण्डौंमा कार्यलय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ।

**लिलाम खोलिने मितिः २०८१/03/१४, शुक्रबार ।**
**समयः दिउँसो ४:00 बजे**
**स्थानः वान्टेड बचत तथा ऋण सहकारी सस्था लिमिटेडको प्रधान कार्यलय गो.न.पा. ०८, माकलबारी काठमाण्डौं ।**


# कुवेत/साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PREP FOOD SUPPLIES COMPANY**

पुर्व स्वीकृति मिति २०८१/०२/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/०२ | LT. No. 305986 | चलानी नं. ६०२२०७२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 10 | 0 | 150 | ६५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 10 | 0 | 120 | ५२,२५५ | | | | | | | |
| 3 | Commi 1. | 10 | 0 | 150 | ६५,३२० | | | | | | | |
| 4 | Cook | 10 | 0 | 250 | १०८,८८५ | | | | | | | |
| 5 | Labor | 10 | 0 | 120 | ५२,२५५ | | | | | | | |

कम्पनी : **DUBAI OASIS COMPANY**

पुर्व स्वीकृति मिति २०८१/०२/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/०२ | LT. No. 305143 | चलानी नं. ६०२१९८८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 5 | 0 | 1500 | ५३,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **PLATINUM HANDS PACKING & REPACKING SERVICES**

पुर्व स्वीकृति मिति २०८०/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/०२ | LT. No. 303173 | चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,000 | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,000 | | | | | | | |

कम्पनी : **MAWARID SERVICES COMPANY LLC**

पुर्व स्वीकृति मिति २०८०/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/०२ | LT. No. 296251 | चलानी नं. ६०२११२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 143 | 0 | 800 | २९,000 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ALABAAD ALKHAMSAH SECURITY SERVICES**

पुर्व स्वीकृति मिति २०८०/04/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/०२ | LT. No. 290613 | चलानी नं. ६०२१३३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 52 | 17 | 1200 | ४३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Future Star Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. ३९७/०६०/०६१
Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### मनसुनजन्य विपद्को जोखिममा ध्यान देऊ

**यो वर्ष मुलुकमा तापक्रम उच्च हुँदा देशभरका जनता प्रभावित बन्न पुगे। विशेषगरी तराई मधेसका जनतालाई तातो हावाको लहर 'लू' बाट प्रभावित तुल्यायो। काठमाडौं उपत्यकामा पनि तापक्रमले नयाँ रेकर्ड बनायो। जसले उपत्यकाबासीलाई निकै उकुसमुकुस बनाएको थियो। तराई मधेस र उपत्यकामा मात्रै नभएर गर्मी पहाडतर्फ सर्दै गइरहेको छ। जलवायु परिवर्तनको असर मुलुकले नराम्ररी भोग्नुपरिरहेको छ। यसको असरबाट हिमालहरूसमेत कालापत्थरमा परिणत हुँदै गएको छ।**

**अहिले मुलुकमा मनसुन भित्रिसकेको छ। यद्यपि, देशभरि फैलिन बाँकी नै छ। पर्सी आइतबारसम्म देशभर मनसुन फैलिने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान माहाशाखाको भनाइ छ। महाशाखाकी मौसमविद् प्रतिमा मानन्धरका अनुसारसम्म मनसुन मुलुकको पूर्वी भू-भाग हुँदै लुम्बिनी प्रदेशसम्म पुगेको छ। समान्यतया जुन १३ मा मनसुन नेपाल भित्रिने भए पनि यस वर्ष जुन १० मा मनसुन मुलुकको पूर्व क्षेत्रबाट भित्रिन सुरु गरेको थियो। पश्चिमी वायुको प्रभावका कारण सुदूरपश्चिम तथा मुलुकको पश्चिमी क्षेत्रमा मनसुन फैलिन समय लागिरहेको उनको भनाइ छ।**

**नेपालमा मनसुन सुरु भएको १० दिन भए पनि अझै पनि पश्चिम र सुदूरपश्चिम क्षेत्रसम्म पुग्न सकिरहेको छैन। मानन्धरका अनुसार आइतबारसम्म मुलुकभर मनसुन फैलिएपछि तातो हावाको लहरको जोखिम विस्तारै हट्दै जाने छ। अघिल्लो वर्ष नेपालमा मनसुन भित्रिएको तीन सातापछि मात्रै देशभर फैलिएको थियो। माहाशाखाका अनुसार हाल देशको पूर्वी भू-भागमा मनसुनी प्रणालीको प्रभाव रहेको छ भने बाँकी भू-भागमा स्थानीय वायु तथा भारतको विहार आसपास रहेको न्यून चापीय क्षेत्रको आंशिक प्रभाव रहेको छ। आगामी शनिबारसम्म कोशी र गण्डकी प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना रहेको भन्दै महाशाखाले सतर्कता अपनाउन अनुरोध गरेको छ।**

**मनसुन भित्रिएसँगै गर्मी र तातो हावाको लहरबाट सास्ती बेहोरिरहेका जनताले राहत महसुस गर्न पाएका छन्। सुक्खा बनेको जमिनले पानी सोस्न पाएको छ। खेती लगाउने मौसम भएकाले पनि मनसुन भित्रिँदा किसानहरूमा लाभ पुगेको छ। यो सकारात्मक पक्ष हो। यसको साथै अब मनसुनसँगै आउने भारी वर्षाका कारण आउने बाढीपहिरोबाट हुनसक्ने क्षतिको न्यूनीकरणमा सरोकारवाला सबै केन्द्रित हुन जरुरी छ। मनसुनजन्य विपद्बाट हुने क्षेति न्यूनीकरणमा ध्यान देऊ।**

# बन्ने होइन त करोडपति ?



■ अच्युतकुमार ओझा

> लगानीमा समय यति धेरै शक्तिशाली हुन्छ, जसले प्रत्येक व्यक्तिलाई कुर्न सक्ने हो भने करोडपति बनाउन सक्ने ल्याकत राख्छ। संसारका असाधारण लगानीकर्ता भनेर कहलिएका वारेट बफेटका सम्बन्धमा दुई हजारभन्दा बढी पुस्तक लेखिएको छ। बफेट धनी हुनुमा उनको अब्बल लगानी कलामात्रै नभई नाबालक हुँदादेखिकै अब्बल लगानी हो भन्ने सारांश रहेको भेटिन्छ। बफेटले १० वर्षको उमेरमा लगानी सुरुआत गरेर त्यसलाई फैलाउँदै आफू ३० वर्षको हुँदा एक मिलियन डलर बनाइसकेका थिए। वास्तवमा उनी उत्कृष्ट लगानीकर्ता मात्रै नभई धीर पनि थिए।

वित्तीय साक्षरताको प्रशिक्षणका सिलसिलामा केही महिनाअघि राजधानीको एक विद्यालयका विद्यार्थीले गरेको प्रश्न आजसम्म मेरो मानसपटलमा गुञ्जिरहेको छ, 'के म पनि करोडपति बन्न सक्छु ?' त्यो १० वर्षको अवोध बालकलाई मैले त्यतिखेर भनेको थिएँ, अवश्य तिमीहरू भाग्यमानी छौं सानो उमेरमै वित्तीय ज्ञान थाहा पाइरहेका छौं, थप कम्पाउडिङको शक्ति थाहा पाउन सकियो भने प्रत्येक महिना केवल पाँच हजार रूपैयाँ अर्थात् एक वर्षमा ६० हजार रूपैयाँ लगानी गरेर वार्षिक १२ प्रतिशत प्रतिफल निकाल्न सक्ने हो भने सजिलै तिमी ३० वर्षमा करोडपति बन्न सक्छौं। यदि ३६ वर्ष तिमी कुर्न सक्छौं भने एक करोड ९७ लाखको मालिक हुनेछौं। प्रतिफल दर र लगानी रकम बढाउन सक्ने हो भने त्यो भन्दा अगाडि नै करोडपति हुन सकिन्छ। मैले उक्त कक्षामा दिएको जवाफ र देखाएको टेबल विद्यार्थीहरूले बुझे बुझेनन् थाहा छैन। उनीहरूमा धैर्यता र दृढता हुर्काउन सकियो सकिएन भन्न सक्दिनँ, तर सो बालकको प्रश्नले मलाई हरेक व्यक्ति कसरी करोडपति बन्न सम्भव छ भन्ने विषयले घोची नै रहेको छ।

लगानीमा समय यति धेरै शक्तिशाली हुन्छ, जसले प्रत्येक व्यक्तिलाई कुर्न सक्ने हो भने करोडपति बनाउन सक्ने ल्याकत राख्छ। संसारका असाधारण लगानीकर्ता भनेर कहलिएका वारेट बफेटका सम्बन्धमा दुई हजारभन्दा बढी पुस्तक लेखिएको छ। बफेट धनी हुनुमा उनको अब्बल लगानी कलामात्रै नभई नाबालक हुँदादेखिकै अब्बल लगानी हो भन्ने सारांश रहेको भेटिन्छ। बफेटले १० वर्षको उमेरमा लगानी सुरूआत गरेर त्यसलाई फैलाउँदै आफू ३० वर्षको हुँदा एक मिलियन डलर बनाइसकेका थिए।

वास्तवमा उनी उत्कृष्ट लगानीकर्ता मात्रै नभई धीर पनि थिए। उनले अहिले जीवनको नौ दशक पूरा गरिरहँदा आठ दशक अर्थात् जीवनको करिब ९० प्रतिशत समय लगानीमा बिताइसकेका छन्। 'धन सम्पत्तिको मनोविज्ञान' किताबका लेखक मोर्गन हउजलका अनुसार बफेट सफल लगानीकर्ता त हुन तर संसारकै उत्कृष्ट लगानीकर्ता भनेर भन्न सकिँदैन। सन् २०२० मा उनले लेखेको उक्त पुस्तकमा बफेटले लगानीमा औसत प्रतिवर्ष २२ प्रतिशत प्रतिफल पाउने गरेको बताएका छन्। त्यस समयमा उनको सम्पत्ति ८४.५ बिलियन डलर थियो। यदि उनले ६० वर्षमा लगानी गर्न छोडिदिएका भए ११.९ मिलियन मात्रै हुन सक्थ्यो। जुन पुस्तक लेख्दै गरेको समयको करिब ९९.९ प्रतिशत कम हुने थियो। यसको मूलकारण उनको लगानी कुशाग्रता हो तर वास्तविकता भनेको समय हो। यथार्थमा कम्पाउडिङ यस्तै काम गर्छ।

लेखकका अनुसार बफेटले वार्षिक २२ प्रतिशत लगानीमा प्रतिफल निकाल्दै गर्दा हेज फन्ड रिनेसांस् टेक्नोलोजिका प्रमुख, जिम साइमन्सले सन् १९८८ बाट लिएर ६६ प्रतिशत प्रतिवर्षको दरले धनको कम्पाउडिङ गरे। उक्त किताब लेख्दै गर्दा उनको सम्पत्ति २१ बिलियन थियो तर बफेटले त्यसको एकतिहाइ मात्रै प्रतिफल निकाल्दै गर्दासमेत साइमन्सको भन्दा ७५ प्रतिशत बढी कमाउन सफल भए। बफेटभन्दा करिब तीन गुणा बढी प्रतिफल निकाल्न सकेर पनि उनी किन कम धनी भए। यसको मूल कारण साइमन्सले ५० वर्षको उमेर पुगेपछि लगानी थालेका थिए। यसले गर्दा ऊसँग बफेटको जस्तो लामो समय कम्पाउडिङ गर्ने सुविधा थिएन त्यसैको परिणाम दुईबीच यति धेरै सम्पत्तिको अन्तर पर्न गएको हो। यदि बफेटले जस्तै साइमन्सले पनि लगानी गर्न सकेको भए ६३ क्विन्टिलियन ९०० क्वाड्रिलियन ७८१ ट्रिलियन ७८० बिलियन ७४८ मिलियन र १०८ हजार डलर हुने थियो। यी आँकडा हास्यास्पद र अव्यावहारिक देखिन्छ तर कम्पाउडिङका कारण यस्तै आँकडाहरूलाई देखाउन सक्छन्। तसर्थ, प्रत्येक व्यक्ति करोडपति बन्न सक्छ र धनी पनि हुन सक्छ तर लगानीमा धैर्यता सबैभन्दा ठूलो ईश्वरीय वरदान हो यसलाई सबैले बुझ्न सकेमा धनको महत्त्वपूर्ण नियम थाहा पाई सफल लगानीकर्ता हुन सकिन्छ।

अल्बर्ट आइन्स्टाइनले भनेका थिए, 'कम्पाउडिङ विश्वको आठौं आश्चर्य हो।' स्वयं बफेटले भनेका छन्, 'लगानीमा कुनै चमत्कार छ भने त्यो कम्पाउडिङको तागत हो।' तसर्थ लगानीमा भएका कमजोरी र गल्तीहरू लामो समयपछि फिक्का हुँदै जान्छन्। पछिल्ला वर्षहरूमा सम्पत्ति वृद्धिका दर प्रारम्भिक वर्षहरूको तुलनामा धेरै गुणा रहने गर्छ। यसलाई माथिको टेबलबाट पनि हेर्न सकिन्छ। उक्त टेबलमा थालनीको समयदेखि लगानीको ३० वर्षसम्म एक करोड आठ लाख रूपैयाँ धन जम्मा हुँदा पछिला थप छ वर्षमा ९८ लाख रूपैयाँ थपिने देखिन्छ। यसरी हेर्दा पाँच भाग समय लगाएर जम्मा भएको रकम र पछिलो एक भाग समयमा जोडिएको सम्पत्तिको अंश करिब बराबर देखिन्छ। यसले के देखाउँछ भने कम्पाउडिङको नियमभित्र पनि जति धेरै पछिला वर्ष आउँछन् उति धेरै द्रुत गतिमा सम्पत्ति बढ्ने छ। हरेक व्यक्ति सम्पत्ति कमाउन र रमाउन सक्छ यसका लागि केही ज्ञान, अभ्यास र धेरै धैर्यता राख्ने हो भने यो सजिलै सम्भव देखिन्छ।

लगानीमा अनेकन रणनीति र योजना हुन सक्छ तर प्रत्येक उत्कृष्ट लगानीमा समय सबैभन्दा महत्त्वपूर्ण हुने गरेको छ। कम्पाउण्डिङलाई बुझ्न सकियो भने लगानीलाई कम जोखिममा बढी प्रतिफलमुखी बनाउन सकिन्छ। यसलाई बुझ्न केही समय लाग्छ तर बुझिसकेपछि यसले दिने लाभ कल्पना गरिएभन्दा बढी देखिन्छ। यसको नतिजा आउन समय लाग्छ तर सजिलै बुझिएको जोडफलभन्दा यो तीन करोड ८७ लाख गुणा बढी हुन जान्छ। यसैले कम्पाउण्डिङले लगानीमा दिने चमत्कार पनि दोस्रो उदाहरण जस्तै हो, जसले परिणाम देखाउन समय लगाउँछ तर अप्रत्यासित फल दिन सक्छ।

जापानी नागरिकहरूमाझ अत्यधिक लोकप्रिय काइजन थेउरी (थोरैबाट प्रारम्भ गरी बानी बसाल्ने सिद्धान्त) र पाँच हजार रूपैयाँबाट करोडपति सिद्धान्तमा धेरै समानता भेटिन्छ। यस विधिले एकैपटक ठूला कदम उठाउनुभन्दा विस्तारै साना पाइलाहरूबाट सुरुआत गर्न प्रेरित गर्छ। यसले हामीले चाल्ने हरेक साना प्रयासले ठूलो उपलब्धि दिन सक्छ भन्ने विश्वास राख्दछ। सबैभन्दा ठूलो लक्ष्य प्राप्तिका लागि एकैपटक बृहत् फड्को भन्दा नियमित थोरै अभ्यासमार्फत आफूमा बानी पार्नु र त्यसलाई बढाउँदै लैजान सक्नु महत्त्वपूर्ण हुने गर्दछ। उदाहरणका रूपमा हामीले पहिलो दिनमा घन्टौं व्यायम गर्ने र एक हप्तामा फेरि छोड्ने गरेका धेरै देखेका छौं। यसो नगरी सुरुआती दिनमा केही मिनेटबाट थालेर त्यसलाई क्रमशः बढाउँदै लैजानेहरूले पछि घन्टौंसम्म व्यायम गर्ने आफ्नो व्यवहारको विकास गर्न सफल हुन्छन्। यो एकै दिनमा नभई प्रत्येक दिन एउटा ढुंगा पुलबाट खोलामा फ्याँकेर बाटो बनाए जस्तै हो।

भारतको बिहारमा रहेको गेहलौर गाउँमा दशरथ माझी बस्ने गर्थे। यस ठाउँको अगाडि एक भिमकाय पहाड थियो। यसलाई छिचोलेर अर्को गाउँमा जान असम्भव थियो। यस पहाडले थुप्रैको जीवन निलेको थियो। यस्तैमा उनको श्रीमतीलाई पनि यसले हत्या गरेको थियो। त्यसको वियोगमा उनले अठोट गर्छन् कि म यस हत्यारा पहाड छेडेर बाटो बनाउने छु, यसले कसैलाई निल्न सक्ने छैन। उनी आफ्नो प्रतिज्ञा पूरा गर्न पहाडतिर हातमा हथौडा बोकेर निस्कन्छन्। सारा गाउँबासी र उनलाई देख्नेहरू माझी पागल भयो भन्ने गर्थे तर उनले भित्ता कोतार्न छोडेनन्। करिब २२ वर्षको अथक मेहनतपछि एक्लैले बाटोभन्दा ठूलो सडक बनाएर देखाइदिए। आज उनलाई संसारभर 'माउन्टेन म्यान' भनेर चिनिन्छ। यसैले सोच्नुहोस्, प्रयास गर्नुहोस् र पाउनुहोस्। सुरुआत आजै गरौं, मासिक पाँच हजार रूपैयाँ लगानी र वार्षिक १२ प्रतिशत प्रतिफलमा धितोपत्र बजार, सरकारी बोण्ड र बैंकहरूमा फिक्स डिपोजिटलगायतका उपकरणमा टेबलमा देखाइएजस्तै योजनाबद्ध ढंगबाट लगानी गरी करोडपति यात्रा थालनी गरौं।

वारेट बफेटले आफ्ना अन्तर्वार्ताहरूमा भनेका छन्, पहिलो सेयर कारोबारमा धैर्यता राख्न नसक्दा धेरै मुनाफा छोड्नुपरेको थियो। तब उनका बाबुले उनलाई हिउँको बीचमा लगेर त्यसलाई देखाउँदै भनेका थिए लगानी र हिउँको डल्लो उस्तै हो। हेर यो हिउँको डल्लोलाई जति टाढासम्म गुडाउन सक्छौं अरू हिउँहरू जोडिएर धेरै ठूलो डल्लो बन्दै जाने छ। लगानी पनि यस्तै हो, जति धेरै लामो समयसम्म छोड्न सक्छौं त्यति धेरै हुने निश्चित छ। त्यसपछि बफेटले सधैं लामो दौडको घोडामा लगानी गर्न सिकेका कारण उनी संसारका सफल लगानीकर्ता बन्न सम्भव भयो। हामीले पनि लगानी लामो समयको लागि छनोट गर्न सक्यौं भने सफलताहरू हात पर्ने निश्चित छ।

चीनमा पाइने एउटा बाँसको प्रजाति छ, जसको बिरुवालाई चार वर्षसम्म पानि हाल्ने र गोडमेल गर्ने गरे पनि फस्टाएको देख्न सकिन्न। तर पाँचौं वर्षमा जब बाँस फस्टाउन थाल्छ र छ हप्ताभित्रै ९० फिट लामो हुन पुग्छ। अनि प्रश्न के उठ्छ भने बाँस छ हप्तामा फस्टाएको हो ? यदि चार वर्षसम्म हेरविचार नगरेको भए फस्टाउँथ्यो होला त ? पक्कै पनि फस्टाउँदैनथ्यो। यस घटनाले के कुरा स्पष्ट गर्छ भने हामीले धैर्य राख्नु पर्दछ र सही काम गर्दै जानु पर्दछ। परिणाम अहिल्यै नदेखिए पनि केही न केही भइरहेकै हुन्छ। लगानीमा पनि कम्पाउण्डिङको शक्ति यस्तै हुने गर्छ। यसैले सम्पन्नताको आधार लगानी र लगानी सफलताको सजिलो उपाय कम्पाउण्डिङ शक्तिको प्रयोगलाई अभ्यासमा ल्याउनु हो।

कम्पाउण्डिङको चटकलाई बुझेर वर्षमा गरिएको केही हजारको लगानीले करोडपति बन्न सम्भव रहेको हुँदा आफ्नो वित्तीय रणनीति बनाउँदा कम्पाउण्डिङलाई विशेष ध्यान दिन आवश्यक छ। पुस्तक 'लिभिङ् द एटि ट्वान्टी वे' का लेखक रिचार्ड कोचका अनुसार २० प्रतिशत धनाढ्यले कम्पाउन्डिङ मिराकलका कारण ब्रह्माण्डको ८० प्रतिशत सम्पत्ति नियन्त्रणमा राख्न सम्भव भएको छ। तर कम्पाउन्डिङको प्रयोग र महत्त्व बुझ्न नसक्दा ८० प्रतिशत मानिसले २० प्रतिशत सम्पत्तिमा निर्वाह गर्नु परेको छ। स्मार्ट लगानीकर्ता बढी प्रतिफल पाउन चक्रिय ब्याजदरको प्रयोग गर्ने गर्दछन्। यसैले तपाईं जति छिटो लगानीमा कम्पाउन्डिङ गर्न थाल्नुहुने छ, लगानीले चमत्कार देखाउन उति नै छिटो सम्भव रहन्छ। राम्रो सुरुआतले राम्रो अन्त्यमा पुऱ्याउँछ। *रासस*

*(लेखक धितोपत्र बजारका लगानीकर्ता हुन्)*

## मननयोग्य

### चाणक्य नीति

पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, बिहानै कुलपतिलाई भेटौंला, विश्राम गर। 'विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधै निस्कनुहुन्छ, त्यही भेट हुन्छ। यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए। अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए। नही किनारमा कुलपतिसँग भेट भयो।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए। आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे। पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- 'आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ। यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आर्शीवाद दिँदै भने- 'योग्यजस्ता छौ, कहाँबाट आयो ?'

पुण्डरीकाक्षले भने- 'यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन्। यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ। कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए। समय बित्दै गयो, धेरै वसन्त आए गए। कति पात झरे, पलाए। पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त। अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे।

क्रमशः

## पत्र-मञ्जुषा

# आर्थिक संकटको बेला कर्मचारीलाई तलब बढाउनुपर्ने !

बूढापाकाले भन्थे, 'पाहुना आइदिए पुग्छ, बच्चा रोइदिए हुन्छ।' घरमा केही छ कि छैन तर पाहुना आएपछि जसरी जहाँबाट जुटाएर पनि खुवाउनैपर्छ। बच्चा पनि रोएपछि आमाबुवाले उसले मागेको चिज किनिदिनै पर्छ। त्यसरी नै अहिले सरकारी कर्मचारीहरू आन्दोलित छन्। राज्यको ढुकुटीमा स्रोत छ कि छैन केही थाहा छैन तर तलब सुविधा बढाउनुपर्ने माग गर्दै संसद् सचिवालयका कर्मचारीहरू केही दिनदेखि आन्दोलनमा छन्।

जनता कर तिर्न नसक्ने अवस्थामा पुगिसके। खाना नखाएर मानिसहरू आत्महत्या गरिरहेका छन्। व्यापार व्यवसायमा डुबेर आत्महत्या गरिरहेका छन्। यहाँ रोजगारी नभएर विदेसिँदा कतिपयको घरपरिवार नै लथालिंग बनेको छ। आर्थिक अभावकै कारण श्रीमान्-श्रीमतीबीच सम्बन्धविच्छेद भइरहेको छ। अहिले आत्महत्या गर्नेको संख्या ह्वात्तै बढेको छ।

यता बजार पूरै मन्दीमा छ। राजस्व उठ्ने मालपोत, यातायात कार्यालय रित्तो भएको छ। घरजग्गा, गाडी र सेयरको कारोबारमा भारी गिरावट आइरहेको छ। काठमाडौं उपत्यकासहित देशभर कोठा, सटर र फ्ल्याट खाली हुने क्रम बढ्दो छ। विदेशी ऋणमात्र २७ खर्ब पुगिसक्यो। प्रत्येक नेपाली जनताको टाउकोमा लाखौं रूपैयाँ विदेशी ऋण छ।

अहिले नेपाल नै रहन्छ कि रहँदैन ? भन्ने अन्योल सिर्जना भएको छ। कुन देशले नेपालमाथि कब्जा गर्छ भनेर आम जनसमुदायमै बहस सुरु भएको छ। विदेशीहरूको नेपालमा चहलपहल बढ्दै गएको छ। सहकारी, लघुवित्त, फाइनान्स र बैंकले करोडौं बचतकर्ताको पैसा खाइदिएका छन्। यिनीहरूकै कारण धेरै बचतकर्ताले आत्महत्या पनि गरिसकेका छन्।

बाटोमा माग्नेहरू यत्तिकै भेटिन्छन्। निजी संघसंस्था, होटल, रेस्टुरेन्ट, पसल, घरलगायतमा काम गर्नेहरूले वर्षौंदेखि तलब पाएका छैनन्। मासिक तीन हजारदेखि १० हजार पारिश्रमिकमा काम गर्दा पनि उनीहरूले तलब पाएका छैनन्। खाना नपाएर, ऋण तिर्न नसकेर वा पैसा डुबेपछि कोही झुण्डिएका छन् त कसैले विष सेवन गरेका छन्।

देशमा यस्तो भइरहँदा संसद् सचिवालयका कर्मचारीहरू भने तलब सुविधा बढाउन माग गर्दै आन्दोलन गरिरहेका छन्। यिनीहरूलाई न देशको माया छ न जनताको। देश र जनता यो अवस्थामा पुगिरहँदा तलब सुविधा बढाउनुपर्छ भन्दै आन्दोलन गर्नु कतिको उचित हो ? हामी कर तिर्ने जनता अहिले पनि भोकभोकै सुत्छौं. । बिरामी हुँदा उपचार गर्न सक्दैनौं।

जनताका छोराछोरी शिक्षाबाट वञ्चित भएका छन्। जनताको अवस्था अहिले पनि दयनीय छ। उनीहरू कि त मर्न बाध्य छन् कि दुई छाक खानाको लागि पनि तड्पिन। सरकारले जनताले तिरेको करबाट कर्मचारीहरूलाई तलब सुविधा उपलब्ध गराउँछ। यहाँ एउटै कर्मचारीको तलब लाखौं छ। झन् सेवासुविधा त्योभन्दा दोब्बर।

सरकारी कर्मचारीलाई जनताले नै तिरेको करबाट तलबभत्ता, सेवासुविधा, पोशाक, गाडी अनि पेन्सन दिइन्छ। तर, कर्मचारीहरू जनताप्रति नै जिम्मेवार छैनन्। हामी सर्वसाधारण काम बहस कुनै सरकारी कार्यालयमा गएमा सुरुमा त कर्मचारी नै भेटिँदैन। भेटिए पनि आज होइन भोलि आउनुस् भन्दै वर्षौं कटाइदिन्छन्। जनताले नै तिरेको करबाट तलबभत्ता खाएर कर्मचारीहरू जनताको नै काम गर्दैनन्।

अनि यस्ता कर्मचारीलाई कसरी हामी जनताले राष्ट्रसेवक भन्नु ? जनताले रगत पसिना बगाएर तिरेको करबाट तिरेको सरकारी गाडीको दुरूपयोग बढ्दो छ। कर्मचारीहरू बालबच्चा विद्यालय पुऱ्याउनदेखि तरकारी किन्न, घुमफिर गर्नसमेत सरकारी गाडीकै प्रयोग गर्छन्। यता, सरकारी गाडी दिए पनि कहिल्यै समयमा कार्यालय आइपुग्दैनन्। समयमा कार्यालय नआएपछि कार्यालय समय सकिनु तीन-चार घण्टाअगावै चाँहि घर टाप कस्छन्।

त्यही कर्मचारीहरू तलब सुविधा बढाउन माग गर्दै आन्दोलनमा उत्रिन्छन् भने उनीहरू राष्ट्रसेवक होइन, देश र जनताका लागि घातक हुन्। सरकार जनतालाई विदेशमा बेचिरहेको छ। त्यहाँबाट आएको रेमिटचान्सले भने जनप्रतिनिधि र कर्मचारीहरू मोजमस्ती गरिरहेकै छन्। तर, यतिले पनि यिनीहरूलाई पुगेको छैन।

***– रुषा थापा, भक्तपुर***

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# कालीगण्डकी र शालिग्राम संरक्षणका लागि नागरिक-अभियान

■ ध्रुवसागर शर्मा

**गलेश्वर (म्याग्दी)–** कालीगण्डकी नदीलाई प्रदूषणमुक्त बनाई धार्मिक र आर्थिक महत्त्वले युक्त मानिएको शालिग्राम शिलाको संरक्षणका लागि जनस्तरबाट स्वःस्फुर्तरूपमा नागरिक-अभियान सञ्चालन गरिएको छ। धार्मिक, आर्थिक र पर्यावरणीय दृष्टिकोणलेसमेत महत्त्वपूर्ण मानिएको कालीगण्डकी नदीमामात्रै पाइने बहुमूल्य शिला शालिग्राम चोरी निकारी र अवैधरूपमा गरिएको व्यापक नदी दोहनका कारण मासिँदै जान थालेपछि म्याग्दीका नागरिकले यसको संरक्षणका लागि अभियान सञ्चालन गरेका हुन् ।

शालिग्राम संरक्षण अभियानले शालिग्रामको चोरी निकासी र दोहन रोकेर संरक्षणका लागि समुदायमा सन्देश प्रवाह गराउने तथा सरोकारवालालाई दबाब दिन कालीगण्डकीको शिलाहरूमा हिन्दूहरूले पुज्दै र मान्दै आएका देवीदेवता तथा भगवानको नाम लेख्ने अभियान चलाएको हो । 'कालीगण्डकी नदीलाई प्रदूषणमुक्त बनाउन र विश्वमा नै खोजिने तर कालीगण्डकी नदीमा मात्रै पाइने शालिग्राम शिलाको संरक्षण गर्न हामीले कालीगण्डकी बचाउँ र शालिग्राम जोगाउँ अभियान सञ्चालन गरेका हौं,' कालीगण्डकी तथा शालिग्राम संरक्षण समितिका संयोजक तथा अभियन्ता नेत्रबहादुर महतले भने ।

कालीगण्डकी नदी र शालिग्राम शिलालाई विश्व सम्पदा सूचीमा समावेश गर्न, नदीको स्वच्छता र पवित्रता कायम गरी प्रकृति र पर्यावरणको जगेर्ना गर्ने अभियानको उद्देश्य रहेको संयोजक महतले बताए । अभियानअन्तर्गत गत सोमबार म्याग्दी र कालीगण्डकी नदीको दोभानमा सरसफाइ गरिनुका साथै त्यहाँ रहेका शिला (पत्थर)हरूमा शालिग्रामका विभिन्न पर्यायवाची नामसँग सम्बन्धित देवीदेवताहरूको नाम लेखिएको छ । इनामेल र विभिन्न रङको प्रयोग गरेर शिलामा भगवान र दवीदेवताका नाम लेखिएको संयोजक महतको भनाइ छ ।

अभियानमा सर्वसाधारण, साधु, सन्त र पर्यावरणप्रेमी नागरिकहरूको संलग्नता रहेको छ । अभियन्ताहरूले कालीगण्डकी तटका शिलाहरूमा हरहर गंगे, मच्छेमूर्ति, महाकुर्ममूर्ति, बराहमूर्ति, लक्ष्मीनारायणलगायत देवीदेउताका नाम लेखेका छन् । सोही अवसरमा दुई नदीको दोभानमा सरसफाइ गर्नुका साथै भजनकीर्तन र कविता वाचनसमेत गरिएको थियो । 'संसारभरका हिन्दू धर्मावलम्बीहरूले शालिग्राम शिलालाई भगवान् विष्णुको अंशका रूपमा पुज्ने गर्छन्,' संयोजक महतले भने, 'कालीगण्डकी नदीमा मात्र पाइने धार्मिक, आर्थिक र जैविक महत्त्वले युक्त यो शिला कालीगण्डकीमा बढ्दो प्रदूषण, गैरकानुनी रूपमा अवैज्ञानिक तरिकाले गरिने नदी उत्खनन र चोरी निकासीका कारण संकटमा पर्दै लोपोन्मुख अवस्थामा पुगेकोले यसको संरक्षणका लागि नागरिक स्तरबाट यो अभियान सञ्चालन गरेका हौं ।'

'कालीगण्डकी बचाऔं अभियान' र 'प्रकृति, पर्यावरण र शालिग्राम संरक्षण समिति'मा आबद्ध अभियानीहरूले गत जेठ ६ गतेदेखि म्याग्दीको प्रसिद्ध गलेश्वरधामबाट बागलुङ हुँदै पर्वतको मोदीवेणीधामसम्मको क्षेत्रमा अवस्थित प्रमुख धर्मघाटहरूमा शालिग्राम भगवानका नाम शिलांकित गरेका छन् । गण्डकी स्नान गरी हरिहर संकृतनका साथ शिलाहरूमा भगवान्का नाम अंकित गरिएको अभियानका प्रवक्ता रेमबहादुर खत्रीले बताए ।

कालीगण्डकी नदीको पवित्रता एवं चक्रांकित र निष्चक्रांकित शालिग्राम शिला र नदी संरक्षणको सन्देश दिनु पनि अभियानको उद्देश्य रहेको उनको भनाइ रहेको छ । 'प्रदूषण र उत्खननका कारण कालीगण्डकी नदीको जलचक्र प्रणाली नै प्रभावित भएको छ, कालीगण्डकीसँगै शालिग्रामकोसमेत अस्तित्त्व संकटमा छ । कालीगण्डकी नदी र शालिग्राम संरक्षणमा सरोकारवाला निकायहरूको पनि ध्यानाकर्षण होओस् र जनस्तरमा सन्देश पनि पुगोस् भनेर यो अभियान थालिएको हो,' प्रवक्ता खत्रीले भने, 'सभ्यता बोकेको नदी मानवीय अतिक्रमणको चपेटमा छ, यसतर्फ बेलैमा सबैको ध्यान जानु जरुरी छ ।'

नदी र खोलाका किनारैकिनार खनिएका सडक, अव्यवस्थित सहरीकरण र विकास गतिविधि, प्रकृति दोहन आदि कारणले मानव र प्राणी जगत जोखिममा परेको उनले बताए । म्याग्दी, पर्वत र बागलुङ जिल्लामा पर्ने कालीगण्डकी नदी आसपासका क्षेत्रहरूबाट व्यापकरूपमा कालीगण्डकी नदी दोहन भइरहेको र नदीको प्राकृतिक बहाव परिवर्तन हुनुका साथै शालिग्राम शिलाको समेत नास भइरहेको अर्का अभियन्ता यामबहादुर घिमिरेले बताए । कालीगण्डकी नदी किनारका आनन्द बगर, फोर्से, सती बगर, राजा बगर, सहश्रधारालगायत क्षेत्रमा सञ्चालित दर्जनौं क्रसर उद्योगले मनोमानी नदीजन्य पदार्थ उत्खनन् गर्दै आएका स्थानीयको भनाइरहेको छ । अव्यवस्थित उत्खनन्का कारण नदी कुरूप बन्दै गएको मात्र छैन, ठाउँठाउँमा नदीको धार नै परिवर्तन भइरहेको घिमिरेले बताए ।

'भौतिक विकास र पूर्वाधार निर्माणका लागि नदीजन्य पदार्थको आवश्यकता पर्छ भन्ने कुरा थाहा छ, तर नदीका ढुंगा, वालुवा रातारात गैरकानुनीरूपले निकालेर केही व्यक्तिहरू मोटाउने र प्राकृतिक सम्पदाहरूको नास गर्ने काम अनुचित हो,' अभियन्ता गौरव शर्माले भने, 'गिट्टी, बालुवाका लागि खानीको विकास गर्नुपर्छ, 'ड्याम' बनाएर संकलित नदीजन्य पदार्थलाई प्राधिकरणमार्फत वितरण गर्ने व्यवस्था सरकारले मिलाउनुपर्छ ।' कालीगण्डकीको जलाधार क्षेत्रमा आठ हजार मिटरभन्दा अग्ला तीनवटा हिमालय पर्वत शृंखला धवलागिरि, अन्नपूर्ण र मनास्लु रहेका छन् भने




आठ हजारदेखि छ हजार मिटरसम्मका दुई दर्जनभन्दा धेरै हिमशिखर रहेका छन् । कालीगण्डकीको जलाधार क्षेत्रमा मुस्ताङ, म्याग्दी, पर्वत, बाग्लुङ, स्याङ्जा, गुल्मी, पाल्पा, तनहुँ, नवलपुर, नवलपरासी गरी १० जिल्ला रहेका छन् । नदीको अप्राकृतिक दोहनले मुक्तिनाथदेखि देवघाटसम्म कालीगण्डकी तटमा रहेका दर्जनौं तीर्थस्थलसमेत संकटमा परेका छन् ।

हिमालय क्षेत्रको दामोदरकुण्ड, मुस्ताङको मुक्तिक्षेत्र हुँदै दक्षिण बग्ने कालीगण्डकीसँग आफ्नै प्राचीन सभ्यता छ । यससँग जोडिएको हिमालय सभ्यताको पौराणिक तथा धार्मिक साहित्यमा चर्चा गरिएको पाइन्छ । यस क्षेत्रका फाँटहरूमा प्राचीनकालदेखि नै सांस्कृतिक गतिविधि हुने गरेको विभिन्न धर्मग्रन्थहरूमा उल्लेख छ । चिनियाँहरूले रेशम व्यापारका क्रममा हिमालय भञ्ज्याङ पार गरी कालीगण्डकीको किनारैकिनार पोखरा, पाल्पा, तानसेन, लुम्बिनी हुँदै भारतसम्मको यात्रा गरेको इतिहासमा उल्लेख छ ।

कालीगण्डकी नदीको वातावरणीय र पारिस्थितिक स्थितिमा नै खतरा उत्पन्न हुने गरी भइरहेको नदी दोहनका कारण कालीगण्डकी नदीको जलचक्र प्रणाली पनि खल्बलिदा शालिग्रामको अस्तित्त्व संकटमा पर्दै गएको वातावरण संरक्षणकर्मीहरूको भनाइ रहेको छ । नदीबाट जथाभावी डोजर र स्काभेटरको प्रयोग गरी गिटी, बालुवा र ढुंगा निकाल्दा धार्मिक र आर्थिक महत्त्वले युक्त शालिग्राम शिला गिट्टीमा परिणत हुँदै गएका शालिग्रामका अध्येता रंगराज आचार्यले बताए । कालीगण्डकीको शिर मुक्तिनाथ र दामोदरकुण्डलाई हिन्दू र बौद्धमार्गी दुवैले पवित्र क्षेत्र मान्दछन् ।

### शालिग्राम शिलाको महत्त्व

शालिग्राम शिलाको धार्मिक, आर्थिक र जैविक महत्त्व रहेको भए पनि सबैभन्दा बढी धार्मिक महत्त्वको चर्चा गर्ने गरिन्छ । शालिग्राम शिलाको अध्यता रंगराज आचार्यका अनुसार भगवान विष्णु पतिव्रता वृन्दाको श्रापका कारणले शिलास्वरूप भई गण्डकी क्षेत्रमा रहेकाले शालिग्रामलाई भगवान् विष्णुको अंश मानेर हिन्दू धर्मावलम्बीहरूले पूजा गर्छन् । पञ्चतत्त्वले बनेको मानव शरीर संरक्षण र सम्बर्द्धन गर्न गणेश, शिव, विष्णु, देवी, सूर्यस्वरूप पाञ्चायन पूजा गर्ने गरिन्छ । शालिग्रामको जल, कुशको आसन, मुखमा तुलसी रहेमा जतिसुकै पापी भए पनि त्यो व्यक्तिको पुनः जन्म नहुने विष्णुपुराणमा उल्लेख गरिएको छ ।

ब्रह्माण्ड पुराणमा पनि शालिग्रामबारे निकै चर्चा भएको छ । ब्रह्माण्ड पुराणमा शालिग्रामको आकार, लक्षण र वर्णको विस्तारपूर्वक वर्णन गरिएको छ । शालिग्रामको परिमाण र आकारका विषयमा पनि चर्चा भएको छ । ब्रह्माण्ड पुराणमा उल्लेख भएअनुसार शालिग्राम पूजाबाट जीवनको परम् उद्देश्य धर्म, अर्थ, काम र मोक्ष चारै किसिमका पुरुषार्थ प्राप्त हुन्छन् ।

शालिग्राममा प्राकृतिकरूपमा नै शंख, चक्र, गदा, पद्म आकार कुदिएको पाइन्छ । यस्ता चिह्न अंकित शिला अत्यन्त कम मात्रामा भेटिने र ती बहुमूल्य हुने आचार्यले जानकारी दिए । स्कन्दपुराणमा उल्लेख भएअनुसार यस्ता शिलाबाट सर्पभय, अग्निभय, दुःख, दारिद्रय नास हुन्छ । केवल पद्म आकारको शिला पनि शुभदायक हुन्छ । कुनै शिलालाई बराहशिला भनिन्छ । शूल र कमलको चिह्न अंकित शिलालाई 'वैनतेय' शिला भनिन्छ ।

### आर्थिक महत्त्व

शालिग्राम केवल धार्मिक महत्त्वले मात्रै होइन, आर्थिक दृष्टिकोणलेसमेत अत्यन्त महत्त्वपूर्ण मानिन्छ । शालिग्रामभित्र सुनलगायतका बहुमूल्य धातुहरू हुने भएकाले विशेषगरी भारतीय मूलका व्यक्तिहरूले दामोदरकुण्डदेखि गुल्मीको रिडीसम्मको कालीगण्डकी क्षेत्रबाट व्यापकरूपमा शालिग्रामको चोरी निकासी गरिरहेका गुनासाहरू आए पनि नेपाल सरकारले शालिग्रामको चोरी निकासी नियन्त्रण गर्न सकिरहेको छैन ।

कालीगण्डकीको शालिग्राम पछिल्लो समय भारत हुँदै तेस्रो मुलुक (युरोप, अमेरिका) तिर निर्यात भइरहेको भन्ने व्यापक गुनासो सुनिन थालेको नीलकण्ठ शर्माले बताए । तेस्रो मुलुकमा शालिग्राम महँगो मूल्यमा बिक्री हुने गरेको बताइएको छ । त्यहाँ संगमरमरको बीचबीचमा शालिग्राम शिला बिछ्याइने गरिएको, शालिग्रामलाई फोडेर धातु निकाल्ने गरिएको जानकारहरूले बताएका छन् ।

नेपाल र भारतमै पनि चिल्लो कालो एउटै शालिग्राम लाखौंको मूल्यमा बिक्री हुने गरेको शालिग्रामको महत्त्वलाई बुझ्नुभएका म्याग्दीका पण्डित भीमनाथ पराजुलीले बताए । शालिग्राममा देखिने विभिन्न प्रकारका रेखा तथा चक्र कुनै व्यक्ति विशेषले बनाएको नभई गंगामा पाइने एक प्रकारको कीराले बनाउने उनले जानकारी दिए । पं कृष्णप्रसाद सुवेदीले शालिग्रामको महत्त्व धेरै भए पनि त्यसको अवैध चोरी निकासी बढ्दै गएको बताए ।

कालीगण्डकीमा मात्र पाइने शालिग्राम विभिन्न माध्यम हुँदै छिमेकी मुलुक भारतका ठूलाठूला धार्मिक स्थलसम्म पुग्ने गरेका उनको भनाइ छ । केही दिनअघि उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिका-१ चराङबाट लुकाइछिपाइ जोमसोमतर्फ ल्याउँदै गरेको अवस्थामा १५ वटा बोरामा राखिएका तीन हजार ३७९ वटा शालिग्राम प्रहरी चौकी घमीले बरामद गरेको छ । जिपमा राखेर जोमसोमतर्फ ल्याउँदै गरेको अवस्थामा प्रहरी चौकी घमीले शालिग्राम बरामद गरेको जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी नायव उपरीक्षक भोजराज पाण्डेले जानकारी दिएका छन् । प्रनाउ पाण्डेका अनुसार मुस्ताङमा यति ठूलो संख्यामा शालिग्राम बरामद भएको यो पहिलो घटना हो ।

### शालिग्रामको आयुर्वेदिक महत्त्व

धार्मिक र आर्थिक दृष्टिकोणबाट मात्रै नभई शालिग्राम मानव स्वास्थ्यका लागिसमेत अत्यन्त महत्त्वपूर्ण रहेको बताइएको छ । शालिग्राम छोइएको पानी पिउँदा शरीरलाई समेत फाइदा पुऱ्याउने पण्डित पराजुलीको भनाइ छ । 'यसमा विभिन्न धातु मिसिएका हुन्छन्, त्यसैले वैज्ञानिकहरूले पनि शालिग्राममा भिजाएको पानी पिउनयोग्य हुने प्रमाणित गरेका छन्,' पराजुलीले भने । आयुर्वेदिक चिकित्सकहरूले पनि पानीमा शालिग्राम डुबाएर राख्ने र आधा घण्टापछि त्यो पानी सेवन गर्ने हो भने अम्लपित्त, कफ, पेटका विकार, चर्मरोगलगायतका रोगहरू निको हुने बताउँछन् ।

आयुर्वेदिक चिकित्सक विष्णु सापकोटाका अनुसार नियमितरूपमा एक महिनासम्म शालिग्राममा तुलसीको पात राखेर एक लिटर पानीमा डुबाएर आधा घण्टापछि त्यो पानी सेवन गर्ने हो भने ग्यास्ट्रिकलगायत पेटका विकारसम्बन्धी सम्पूर्ण रोगबाट छुटकारा पाउन सकिन्छ । *रासस*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL DALAL TAXI PLUS GEN TRAD & CONT CO

पुर्व स्वीकृति मिति २०८१/03/06 | LT. No. 306556 | चलानी नं. ६०२२१४८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 13 | 0 | 150 | ६५,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १४ गते (28th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786, E-mail : nationalexportsmc@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALIGN TEAM LLC

पूर्व स्वीकृति मिति २०८०/०९/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/06 | LT. No.297664 | चलानी नं.६०२१२७३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Filling Clerk | 5 | 0 | 1400 | ५०,८७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 36 | 24 | 900 | ३२,७०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १४ गते (28th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd. | श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GRAND ROYAL FURNITURE TRADING LLC

पूर्व स्वीकृति मितिः २०८१/०३/०६ | LT. No. 306722 | चलानी नं. ६०२२१४७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1900 | ६९,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Furniture Wood Worker | 3 | 0 | 1200 | ४३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 3 | Labour | 5 | 0 | 1000 | ३६,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 4 | Painter | 3 | 0 | 1200 | ४३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 5 | Supervisior | 2 | 0 | 2500 | ९१,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १४ गते (28th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Haya Recruitment Pvt. Ltd. | श्रम ईजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, E-mail : alhaya.recruitment@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SPRING FOR ELECTRICAL & MECHANICAL WORKS

पूर्व स्वीकृति मिति २०८१/०२/30 | LT. No. 306285 | चलानी नं. ६०२२१४५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Guard | 1 | 0 | 1500 | ५४,८६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Vehicle Driver | 1 | 0 | 2000 | ७३,१५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 3 | Labour | 2 | 0 | 1000 | ३६,५८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १४ गते (28th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Sama International Overseas Pvt. Ltd. | श्रम ईजाजत नं. ८६६/०६६/०६७
LALITPUR -07 GARWKO LALITPUR , Nepal.Phone : +977-1-5204072, Fax : +977-1-5204072
Email : allsamaoffice2010@gmail.com, Website : www.alsamainternational.com

प्रभाव दैनिक

शुक्रबार ०७, असार २०८१ (Friday, June 21, 2024)




## रोकियो 'शिरफूल'को प्रदर्शन

फिल्म 'शिरफूल' आज प्रदर्शन नहुने भएको छ । निर्माण युनिटले बिहीबार फिल्मको रिलिज स्थगित गर्दै साउन १८ लाई प्रदर्शन मितिको रूपमा सार्वजनिक गरेको छ । फिल्मका निर्देशन कमल एक्वै मगर हुन् । प्रचार प्रसार नपुगेको लगायत केही प्राविधिक कारणले फिल्म सारिएको निर्देशक मगरले जानकारी दिए । मगरको यसअघि फिल्म 'डेसान' प्रदर्शनमा आएको थियो । 'शिरफूल' आदिवासी जनजाति महिलाहरूले लगाउने एक प्रकारको सुनको गहना हो । नारीले शिरमा लाउने, फूलका आकार हुने भएकाले 'शिरफूल' भनिएको हो ।



# फिल्म 'आचार्य' को प्रिमियर



■ प्रभाव संवाददाता

**काठमाडौं–** शुक्रबारबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म 'आचार्य' को काठमाडौँमा प्रिमियर गरिएको छ । बुधवार कमलपोखरीस्थित बिग मुभिजमा आयोजित प्रिमियरमा राजनीतिक दलका नेता, फिल्मकर्मी र रंग पत्रकारको सहभागिता थियो । प्रिमियरमा फिल्म हेर्ने अधिकांशले स्वर्गीय गायक भक्तराज आचार्यको जीवन कथाले भावुक बनाएको प्रतिक्रिया दिए ।

कार्यक्रममा नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा, राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सोविता गौतम, वरिष्ठ सङ्गीतकार शम्भुजित बासकोटा, चेतन सापकोटा, गायकहरू ओमबिक्रम बिष्ट, यम बराल, नविन के भट्टराई, धिरज राई, शिव मुखिया, गायिकाहरू मिरा राणा, आनी छोइङ डोल्मा, निशा देशार, प्राश्ना शाक्य, कलाकार सुनिल थापा , कवि विप्लव प्रतीक, भूपेन्द्र खड्का लगायतको उपस्थिति थियो ।

फिल्म हेरेपछि अधिकांशले फिल्म राम्रो बनेको प्रतिक्रिया दिए । १३ वर्ष अघि नै निर्माण भएर पनि प्रदर्शनमा आएको फिल्म स्वर्गीय आचार्यप्रति श्रद्धाञ्जली अर्पण गर्ने उद्देश्यले शुक्रबारबाट फेरि प्रदर्शनमा आउँदैछ । सिल्क रोड पिक्चर्सले फिल्मको पुनः प्रदर्शन गर्न लागेको हो । यसपटक प्रदर्शन हुने फिल्ममा भक्तराजको निधन पश्चातका केही दृष्यहरू समेत समेटिएको छ ।

फिल्ममा भजन शिरोमणि आचार्यको ज्येष्ठ सुपुत्र गायक सत्यराज आचार्य, अरुणा कार्की, सुनील पोखरेल, सौगात मल्ल, दयाहाङ राई, विपिन कार्की लगायतको अभिनय फिल्ममा देख्न सकिन्छ । रोशन राई निर्माता रहेको फिल्मलाई प्रशान्त रसाइलीले निर्देशन गरेका हुन् ।

# दरबारमार्गमा गुञ्जँदै एक्सिस ब्याण्ड

■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्व संगीत दिवसको अवसर पारेर सांगीतिक ब्याण्ड एक्सिस (आज) शुक्रबार दरबारमार्गस्थित क्लब नेक्ससमा गुञ्जिने भएको छ । ब्याण्डले ९० मिनेटको प्रस्तुतीमा 'अधुरो प्रेम', 'हे मोरी', 'मुस्कान', 'मेरो प्रेम', 'एकचोटी' र 'सात समुन्द्र पारी'लगायतका गीत सुनाउनेछ ।

ब्याण्डमा सन्दिप विश्वकर्मा (संस्थापक/भोकलिस्ट), अमूल्य श्रेष्ठ (ड्रम), सजिन मर्जन (बास), रोशन लामा (गीतारिष्ट) र निखिल सिकर्मी (गितार) छन् ।



ब्याण्डले गत बुधबारमात्र नेपाल टुर भिडियो समेटिएको गीत 'घर गाउँ' आफ्नै युट्युब च्यानलबाट सार्वजनिक गरेको थियो । भिडियोको प्रस्तुतकर्ता पोजेटिभ भाइब्स इन्टरटेनमेन्ट नेटवक (पीभीई नेटवर्क) हो । गीतको भिडियोमा ब्याण्डले पोखरा, नारायणघाट, बुटवल, झापा, काठमाडौं, भक्तपुर, ललितपुरलगायतका स्थानमा गरेको कार्यक्रमको दृश्य समेटिएको छ ।

पीभीई नेटवर्कले व्यवस्थापन गरेको ब्याण्ड हालै काठमाडौंमा सम्पन्न 'रेडियो कान्तिपुर नेसनल म्युजिक अवार्ड २०८० 'मा 'बेस्ट बेण्ड' विधाको मनोनयनमा परेको थियो । पीभीई नेटवर्कका विकेश कायस्थले एक्सिसले सन् २००४ मा आफ्नो डेब्यू एलबम 'ब्ल्याक एण्ड ह्वाइट'को गीत 'अधुरो प्रेम' सार्वजनिक गरेको २० वर्ष पुग्नु साथै विश्व संगीत दिवसको छेकोमा ब्याण्डको कन्सर्ट हुनु संयोग मिलेको बताए ।

# गर्भवती दीपिकालाई लिएर लन्डन गए रणवीर

■ प्रभाव संवाददाता

**काठमाडौं–** बलिउडको पावर जोडी रणवीर सिंह र दीपिका पादुकोण बिहीबार बिहान मुम्बई एयरपोर्टमा देखिए । यहाँ रणवीर पहिले कारबाट ओर्लिए र त्यसपछि उनले ६ महिनाकी गर्भवती पत्नी दीपिकालाई कारबाट बाहिर निस्कन मद्दत गरे ।

दीपिका र रणवीरको जोडी आफ्नो बेबीमुन मनाउन लन्डन प्रस्थान गरेको भारतीय मिडियाहरूले उल्लेख गरेका छन् । दीपिकाले सेप्टेम्बरमा आफ्नो पहिलो बच्चा जन्माउने बताइएको छ । एयरपोर्टमा दुवैजना कालो पहिरनमा जुम्ल्याहा देखिएका थिए । जहाँ रणवीर कालो टी-सर्ट, डेनिम र सेतो जुत्तामा देखिएका थिए । दीपिका कालो बडीकन ड्रेसमा देखिएकी थिइन् ।

यसअघि बुधबार साँझ मुम्बईको जुहुस्थित नोभोटेल होटलमा आयोजित फिल्म 'कल्की २८९८ एडी'को प्रि-रिलिज कार्यक्रममा पनि उनी पुगेकी थिइन् । यस कार्यक्रममा फिल्मका स्टार कास्टका अमिताभ बच्चन, प्रभास र कमल हसन जस्ता सुपरस्टारहरू पनि उपस्थित थिए ।

यहाँ अमिताभ बच्चनले गर्भवती दीपिका पादुकोणलाई स्टेजमा चढ्दा साथ दिएका थिए । दीपिका स्टेजबाट ओर्लिदा भने प्रभासले उनलाई सहयोग गरेको थियो । यस क्रममा अमिताभ बच्चनको रमाइलो स्टाइल पनि देखियो । दुवै भिडियो अहिले सामाजिक सञ्जालमा भाइरल भएका छन् । यस कार्यक्रममा दीपिका हाई हिल लगाएर पुगेकी थिइन्, जसका कारण केही प्रयोगकर्ताहरूले उनलाई सामाजिक सञ्जालमा ट्रोल गरेका थिए ।





# अनुभवको कमीले खेलमा जित हात पार्न सकिएनः कप्तान पौडेल

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाली राष्ट्रिय टोलीका कप्तान रोहितकुमार पौडेलले अनुभवको कमीले जितेको खेल पनि हार्न पुगेको बताए ।

अमेरिका र वेस्ट इन्डिजमा जारी विश्वकप प्रतियोगितामा सहभागी भई नेपाल फर्किएपछि कप्तान पौडेलले त्यस कुरा बताएका हुन् । तालिकाअनुसार समूह चरणमा खेलिने चार खेलमध्ये ३ खेलमा पराजय र एक खेलमा अंक बाँडेको नेपाल सुपर-८ मा प्रवेश गर्न असफल भएको थियो ।

नेपाल बलियो टोली दक्षिण अफ्रिकासँग एक रनको झिनो अन्तरले पराजित भएको थियो भने पहिलो खेलमा नेदरल्याण्ड्ससँग ६



विकेटले पराजित भएको थियो । त्यस्तै श्रीलंकाविरुद्धको दोस्रो खेल वर्षाका कारण हुन नसकेपछि अंक बाँडेका थिए ।

त्यस्तै अन्तिम खेलमा बंगलादेशसँग २१ रनले पराजित भएपछि नेपालको विश्वकप यात्रा टुंगिएको थियो ।

बिहीबार बिहान नेपाल आइपुगेपछि कप्तान पौडेलले भने, 'टप अर्डरले लामो इनिङ्स लान खोजेको हो। तर, विकेट खेस्न थालेपछि प्रेसर भयो । त्यो एरियामा अझै एक्सपोजर चाहिन्छजस्तो मलाई लाग्छ ।' उनले कुनै एक खेलाडीका कारण खेलमा हार नब्यहोरेको जनाउँदै अनुभवको कमीले नै जित हात पार्न नसकिएको जनाए ।

नेपाली टोलीका सबै सदस्य बुधबार राती र बिहीबार बिहान गरी आएका छन् तर सन्दीप लामिछाने भने २ दिनपछि आउने जनाइएको छ । अरु नेपाली टोली अमेरिका ट्रान्जिट हुँदै आएका थिए भने सन्दीपलाई अमेरिकाले भिषा नदिएका कारण क्यानडा हुँदै आउने जनाइएको छ ।

# कोपा अमेरिका फुटबल सुरु

■ प्रभाव संवाददाता

**काठमाडौं** – दक्षिण अमेरिकी देशको प्रतिष्ठित फुटबल प्रतियोगिता कोपा अमेरिका सुरु भएको छ । शुक्रबार बिहानदेखि सुरु भएको उद्घाटन खेलमा अर्जेन्टिना र क्यानडा खेलेका छन् ।

अमेरिकामा आयोजना हुने कोपा अमेरिकामा यस पटक १६ देशले भाग लिदै छन् । जसमा अर्जेन्टिना, ब्राजिल, बोलिभिया, चिली, कोलम्बिया, इक्वेडर, पराग्वे, पेरु, उरुग्वे, भेनेजुएला, जमैका, मेक्सिको, पानामा. अमेरिका, क्यानडा र कोस्टा रिका रहेका छन् ।

१६ देशलाई चार समुहमा विभाजन गरिएको छ । जसमा समुह ए मा अर्जेन्टिना, पेरु, चिली र क्यानडा रहेका




छन् भने समुह बी मा मेक्सिको, इक्वेडर, भेनेजुएला र जमैका रहेका छन् ।

त्यस्तै समुह सी मा अमेरिका, उरुग्वे, पानामा र बोलिभिया रहेका छन् भने समुह डी मा ब्राजिल कोलम्बिया, पराग्वे र कोस्टा रिका रहेका छन् ।

समुह चरणको खेलपछि हरेक समुहका शिर्ष दुई देश क्वाटरफाइनलमा पुग्ने छन् । प्रतियोगिताको फाइनल खेल फ्लोरिडाको मियामी गार्डेनमा रहेको हार्ड रक स्टेडियममा जुलाई १४ मा हुने छ ।

कोपा अमेरिकाको यो ४८औं संस्करण हो । अहिलेसम्म सबैभन्दा बढी १५ पटक अर्जेन्टिना र उरुग्वेले कोपा अमेरिकाको उपाधि जितेका छन् । अर्जेन्टिना कोपा अमेरिकाको डिफेन्डिङ च्याम्पियन हो । त्यस्तै ब्राजिलले ९ पटक कोपा अमेरिका जितेको छ भने पाराग्वे, चिली र पेरुले २-२ पटक यो उपाधि जितेका छन् । त्यस्तै बोलिभिया र कोलम्बियाले एक एक पटक यो उपाधि जितेका छन् । मेक्सिको २ पटक फाइनलमा पुगेपनि उपविजेता मै चित्त बुझाएको थियो ।

**सूर्य नेपाल प्रिमियर गल्फ**

# तेस्रो दिन सुवास शीर्षस्थानमा

## भुवन र दिनेश एक स्ट्रोकले पछि

■ प्रभाव संवाददाता

**काठमाडौं–** डिफेन्डिङ च्याम्पियन सुबाश तामाङले ५-अन्डर ६७ को स्कोर दर्ज गर्दा समग्रमा १२-अन्डर २ सय ४ सहित सूर्य नेपाल गल्फ टुर २०२३-२४ को अन्तिम प्रतियोगिता सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसीपको तेस्रो दिन शीर्षस्थानमा उक्लन सफल भएका छन ।

सुबाशले दोस्रो दिनका संयुक्त लिडर भुवन नगरकोटी र दिनेश प्रजापतिलाई अन्तिम १८ होलको खेल बाँकी रहँदा एक स्ट्रोकले पछि पारे । यो सँगै उपाधि होड निकै प्रतिस्पर्धात्मक र रोमाञ्चक बनेको छ । दिनेश र भुवनले समग्रमा ११-अन्डर २ सय ५ स्कोर गरे । उनीहरू दुवै आज १-अन्डर ७१ खेल्दै मा संयुक्तरूपमा दोस्रो स्थानमा झरे । एमेच्योर सदभाव आचार्य र धरानका प्रो निरज तामाङ समग्रमा ९-अन्डर २ सय ७ स्कोर सहित संयुक्तरूपमा चौथो स्थान बाँडे । दुवैले तेस्रो दिनको खेल २-अन्डर ७० मा पुरा गरे ।

बिहीबार १-अन्डर ७१ सहित समग्रमा ६-अन्डर २ सय १० को स्कोरमा तोरण विक्रम शाही छैटौं स्थानमा छन। एमेच्योर विजय श्रेष्ठ आइन्हाउस ५-अन्डर २ सय ११ को स्कोरमा सातौं, ४-अन्डर २ सय १२ सहित जयराम श्रेष्ठ आठौं र १-अन्डर २ सय १५ सहित एमेच्योर सुमन परियार नवौं स्थानमा रहे । विजय र जयरामले आज इभन-पार ७२ तथा सुमनले ३-ओभर ७५ को स्कोर कार्ड बनाए ।

समग्रमा इभन-पार २ सय १६ को स्कोरमा एमेच्योरद्वय राहुल विश्वकर्मा र तेन्जिङ पाल्देन तथा प्रो सञ्जय लामाले संयुक्तरूपमा दशौं स्थान बाँडे । राहुलले ३-अन्डर ६९, तेन्जिङले १-अन्डर ७१ र सञ्जयले ४-ओभर ७६ मा दिनको खेल सकाए ।




दोस्रो दिन संयुक्तरूपमा तेस्रो स्थानमा रहेका सुबाशले शीर्षस्थानमा उक्लने क्रममा फ्रन्ट नाइन २-अन्डर ३४ मा पुरा गरे । चौथो होलमा एक सट खेर फाले भने तेस्रो, सातौं र नवौं होलमा बर्डी प्रहार गरे । यसपछि ५-पारको १२औं होलमा इगलको सफलता प्राप्त गरे भने लगतै १३औं होलमा एक सट बचाए । ब्याक नाइन ३-अन्डर ३३ मा सकाए। एमेच्योर गल्फर हुँदा पाँच प्रतियोगिता जितेका सुबाश प्रो बनेपछि पहिलो उपाधि जित्ने दाउमा रहेका छन ।

दिनेशले फ्रन्ट नाइन ३-अन्डर ३३ मा सकाउने क्रममा पहिलो, तेस्रो र सातौं होलमा बर्डी प्रहार गरे। यसपछि ११औं होलमा पनि एक सट बचाए । तर १२औं होलको डबल बोगी र १५औं होलको बोगीले ब्याक नाइन २-ओभर ३८ मा सकाउन बाध्य भए ।

भुवनले पनि दिनेशले जस्तै फ्रन्ट नाइन ३-अन्डर ३३ मा र ब्याक नाइन २-ओभर ३८ मा पुरा गरे । सुरूवात राम्रो गर्ने क्रममा दोस्रो, तेस्रो, पाँचौ र सातौं होलमा चार बर्डी प्रहार गरे । आठौं होलमा एक सट खेर फाले । यसपछि १४औं होलमा बिर्सनलायक प्रदर्शन गरे । भुवनले ४-पारको उक्त होलमा दुई पटक आउट अफ बाउन्ड्स (ओबी) प्रहार गर्दा चार सट खेर फाले। तर १७औं र १८औं होलको बर्डीले उनलाई केहि राहत मिल्यो ।

एमेच्योर सदभावले फ्रन्ट नाइन र ब्याक नाइन दुवै १-अन्डर ३५ मा सकाए । उनले तेस्रो, चौथो र ११औं होलमा बर्डी प्रहार गर्दा छैटौं होलमा बोगी खेपे । निरजले दोस्रो र आठौं होलको बर्डीले फ्रन्ट नाइन २-अन्डर ३४ मा सकाए। यसपछि ११औं होलको बोगी विरूद्ध १२ औ होलको बर्डीले ब्याक नाइन इभन-पार ३६ मा सकाए ।

सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गत सिजनको सबै भन्दा ठुलो प्रतियोगितामा कुल १५ लाख ५० हजार नगद पुरस्कार राशी रहेको छ । प्रतियोगिताको विजेताले २ लाख ७५ हजार नगद पुरस्कार प्राप्त गर्नेछन । दोस्रो र तेस्रो हुनेले क्रमशः १ लाख ७५ हजार र १ लाख २२ हजार प्राप्त गर्नेछन । यस्तै चौथो र पाँचौ हुनेलाई १ लाख २ हजार र ८० हजार प्रदान गरिनेछ । सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसीपको प्रो-एम प्रतियोगिता शनिबार हुनेछ । जहाँ २५ प्रो र १०० एमेच्योर गल्फरको सहभागीता रहनेछ ।

# रूसले उत्तर कोरियासँग गरेको सम्झौताप्रति जापानको चासो

**टोकियो–** रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले उत्तर कोरियाको सैन्य र प्राविधिक सहयोग स्वीकार गर्ने गरी भएको सम्झौतामा जापान गम्भीररूपमा चिन्तित भएको सरकारी प्रवक्ताले बिहीबार बताएका छन् ।

प्योङयाङमा बुधबार उत्तर कोरियाली नेता किम जोङ-अनसँगको भेटवार्तामा राष्ट्रपति पुटिनले आक्रमणको समयमा एकअर्कालाई सहयोग गर्ने प्रतिबद्धताका साथ रणनीतिक सम्झौतामा हस्ताक्षर गरेका हुन् । बुधबार हस्ताक्षर भएको सम्झौताअनुरूप रूसले उत्तर कोरियासँग सैन्य-प्राविधिक क्षेत्रमा आवश्यकता अनुसार सहकार्य गर्ने रूसी राष्ट्रपति पुटिनले सम्झौतापछि उत्तर कोरियाली सञ्चारमाध्यमसँगको कुराकानीमा बताएका थिए ।

'यस प्रकारको सहकार्यले हाम्रा देश र वरपरका क्षेत्रको सुरक्षा सन्दर्भमा संयुक्त राष्ट्र सुरक्षा परिषद्को संकल्पको प्रत्यक्ष उल्लंघन गर्छ,' जापान सरकारका प्रवक्ता योशिमासा हयासीले बताए ।

'जापान राष्ट्रपति पुटिनले उत्तर कोरियासँग सैन्य प्राविधिक सहयोग स्वीकार गरेको तथ्यलाई लिएर गम्भीर रूपमा चिन्तित छ,' उनले भने । राष्ट्रपति पुटिनले उत्तर कोरियामाथि संयुक्त राष्ट्रसंघले लगाएको प्रतिबन्धको समीक्षा गर्नुपर्ने पनि बताए । 'अन्तर्राष्ट्रिय समुदायको इच्छाविपरीत रूसले उत्तर कोरियाबाट ब्यालेस्टिक क्षेप्यास्त्रसहित हतियार र गोलाबारुद खरिद गरेको छ र संयुक्त राष्ट्र सुरक्षा परिषद्को संकल्पको स्पष्ट उल्लंघन गर्दै युक्रेन आक्रमणमा प्रयोग गर्दै आइरहेको छ,' उनले भने । *रासस/एएफपी*

# भारतसँग श्रीलंकाको सक्रिय सहकार्य

**कोलम्बो–** श्रीलंकाका राष्ट्रपति रनिल विक्रमसिंघेले सौर्य तथा पवन ऊर्जामा, हरित हाइड्रोजन प्राप्तिजस्ता विभिन्न क्षेत्रमा भारतसँग सक्रियरूपमा सहकार्य गरिरहेको बताएका छन् । उनले श्रीलंकाले उद्योगको प्रतिस्पर्धात्मक क्षमता सुधारका लागि आवश्यक कोषको सुविधा दिने विकास बैंक स्थापना गर्न पनि खोजिरहेको बताए ।

अन्तर्राष्ट्रिय उद्योग एक्सपो २०२४ को बुधबार आयोजित उद्घाटनलाई सम्बोधन गर्दै राष्ट्रपति विक्रमासिंघेले साना र मध्यमस्तरका उद्यमीहरूलाई सहयोग गर्न इन्टरप्राइज श्रीलंका नामक नयाँ एकाइ स्थापना गर्ने योजना रहेको बताए । श्रीलंकाका राष्ट्रपतिले प्रधानमन्त्री नरेन्द्र मोदीसँग यी पहलहरूबारे छलफल गरिसकेको उल्लेख गरे ।

'हामी यी योजनामा भारतसँग सक्रियरूपमा सहकार्य



गरिरहेका छौं । मैले प्रधानमन्त्री नरेन्द्र मोदीसँग यस विषयमा छलफल गरिसकेको छु र भोलि भारतीय विदेशमन्त्रीसँग थप छलफल हुने अपेक्षा गरेको छु' उनले भने । अडानी कम्पनीले श्रीलंकामा आफ्नो काम सुरु गरेको उनले बताए । यसबाहेक, भारतका विदेशमन्त्री एस जयशंकरले जुन २० मा श्रीलंकाको आधिकारिक भ्रमण गर्ने तयारी गरिएको विदेश मन्त्रालयले बुधबार जनाएको छ । आफ्नो भ्रमणको क्रममा भारतीय विदेशमन्त्रीले दुई देशबीचको साझेदारीका विस्तृत मुद्दाहरूमा श्रीलंकाका नेतृत्वसँग बैठक गर्ने छन् ।

'प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा नयाँ सरकार गठन भएपछि विदेशमन्त्रीको यो पहिलो द्विपक्षीय भ्रमण हुने छ,' भारतीय विदेश मन्त्रालयले एक विज्ञप्तिमार्फत बताएको छ । 'विदेशमन्त्री जयशंकरको भ्रमणले आफ्नो सबैभन्दा नजिकको समुद्री छिमेकी र समय-परिक्षित मित्रको रूपमा भारतको निरन्तर प्रतिबद्धतालाई रेखाकित गर्दछ,' विज्ञप्तिमा भनिएको छ । *रासस/एएनआई*

## धनगढी उप-महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## बोलपत्रको आशय पत्र सम्बन्धि सूचना

प्रकाशित मिति २०८१/०२/०७

यस धनगढी उप- महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ. व. २०८०/०८१ अन्तर्गत तपसिल बमोजिमको कार्यका लागि मिति २०८१/०२/०४ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का नं. | कामको विवरण | फर्म/ कम्पनी | कबोल रकम |
|---|---|---|---|
| 119/DSMC/ 2080/081 | Supply, Delivery and Installation of AC Strip/ Rope Lightening System for Street Light Pole on Various Roads of DSMC | श्री धाराविजुली समिसेज प्रा. लि. बागबजार, काठमाण्डौ | रू. ६३,९७,६६०/०० मु. अ. क. बाहेक |

**प्रमुख प्रशासकिय अधिकृत**

## Punarbas Municipality
### Office Of The Municipal Executive
Sudurpaschim Province, Kanchanpur

## Invitation for Bids and Sealed Quotation

**Contract Identification No: PUN/MUN/080/81- 22,23 and 24**
**Publication Date : 20th June, 2024 (2081/03/06)**

1. Punarbas Municipality Office invites NCB/ Sealed Quotation from eligible bidders for the Construction works of as mentioned in table below under bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Punarbas Municipality, Office of The Municipal Executive, Punarbas, Kanchanpur and visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

| S N | Contract ID | Description | Estimated amount (with VAT, PS & Contengency) | Bid Security | Bid Validity Period | Price for Tender document |
|---|---|---|---|---|---|---|
| 1 | PUN/MUN/ 080/81- 22 | Construction of Blacktop Road, Laxman Kumal House To North Road, Punarbas Municipality-02, Kanchanpur. | 1453245.65 | 35,000/- | 75 Days | 1000/- |
| 2 | PUN/MUN/ 080/81- 23 | Incomplete Blacktop Road Construction, Vijaya Ma Bi Road ,Pakariya Tole Road and Kafle Chock Road, Punarbas Municipality-10, Kanchanpur. | 3657489.56 | 91,000/- | 90 Days | 3000/- |
| 3 | PUN/MUN/ 080/81- 24 | Incomplete Blacktop Road Construction, Roshan chok-Shiddhadevi Mandir and Khadak Bohara Chok-Pipal chautara, Punarbas Municipality-11, Kanchanpur. | 2338701.18 | 58,000/- | 90 Days | 3000/- |

**Chief Administrative Office**


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LALIT CLEANING AND CONTRACTING
पुर्व स्वीकृति मिति : २०८०/१२/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०३/०६ | LT. No. 302188 | चलानी नं. : ६०२१७२०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 3 | 0 | 1200 | ४३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1200 | ४३,८९५ | | | | | | | |
| 3 | Cashier | 0 | 1 | 1500 | ५४,८६५ | | | | | | | |
| 4 | Executive Sales | 1 | 0 | 3000 | १०९,७३५ | | | | | | | |
| 5 | Foreman | 4 | 0 | 2500 | ९१,४४५ | | | | | | | |
| 6 | General Clean Worker | 15 | 9 | 1000 | ३६,५८० | | | | | | | |
| 7 | Labour | 8 | 0 | 1000 | ३६,५८० | | | | | | | |
| 8 | Labour Services | 1 | 0 | 1000 | ३६,५८० | | | | | | | |
| 9 | Marketing Represent | 1 | 0 | 2500 | ९१,४४५ | | | | | | | |
| 10 | Mason | 3 | 0 | 1200 | ४३,८९५ | | | | | | | |
| 11 | Plumber | 2 | 0 | 1500 | ५४,८६५ | | | | | | | |
| 12 | Representative | 2 | 0 | 2500 | ९१,४४५ | | | | | | | |
| 13 | Service Employee | 1 | 0 | 1500 | ५४,८६५ | | | | | | | |
| 14 | Supervisior | 6 | 2 | 2500 | ९१,४४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १४ गते (28th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं १५७०/०७९/८०
SHIVAM INTERNATIONAL Manpower Services Pvt. Ltd
Sinamangal-9, Kathmandu Nepal
Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com
Web: www.shivamintlmanpower.com.np

## Fewa HR Solutions Pvt. Ltd.
श्रम इजाजत नं. १४८५/०७४/०७५
P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः SENDAN INDUSTRIAL FACTORY
पूर्व स्वीकृति मिति २०८१/०३/०६ | LT. No. 306535 | चलानी नं. ६०२२१४७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः ABDUL RAHMAN FAHAD BIN SULAIMAN AL TAMIMI EST. FOR OPERATION AND MAINTENANCE
पूर्व स्वीकृति मिति २०८१/०३/०६ | LT. No. 306534 | चलानी नं. ६०२२१४६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 8 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १४ गते (28th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED AHMED AL-FAISAL COMPANY TRADING, SERVICES AND CONTRACTING
पूर्व स्वीकृति मिति २०८१/०३/०६ | LT. No. 306723 | चलानी नं. ६०२२१४७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1700 | ६२,१८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 5 | 5 | 1000 | ३६,५८० | | | | | | | |
| 3 | Ground Steward | 0 | 3 | 1500 | ५४,८६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १४ गते (28th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DOHA BEAUTY CENTRE
पूर्व स्वीकृति मिति २०८०/०९/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०६ | LT. No 296556 | चलानी नं. ६०२११६५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Beautican | 0 | 2 | 1700 | ६२,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १४ गते (28th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Superb For Ultimate Manpower Solution Pvt.Ltd
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४२२०० | प्रति तोला - १४१५०० | प्रति तोला - १८१५ |

## 'लगानीमैत्री वातावरण बनाउन मन्त्रालय क्रियाशील छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उद्योग क्षेत्रको विकासका लागि नीतिगत स्थायित्व तथा कार्यविधिगत सरलीकरण गरी लगानीमैत्री वातावरण निर्माण गर्न मन्त्रालय क्रियाशील रहेको बताएका छन् ।

प्रतिनिधिसभाको बैठकमा विनियोजन विधेयक, २०८१ अन्तरगत उद्योग मन्त्रालयको विनियोजित शीर्षकसम्बन्धी छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री भण्डारीले नेपालमा लगानीको वातावरणलाई सहज बनाउन विभिन्न आठ कानुन समावेश गरिएको केही नेपाल ऐन संशोधन, अध्यादेश २०८१ जारी गरी प्रतिस्थापन विधेयकसमेत संघीय संसदमा पेस गरिसकिएको बताए । नेपाल व्यापार एकीकृत रणनीति, २०८०, व्यापार लजिष्टिक नीति, २०७९ र व्यापार लजिष्टिक नीतिको कार्यान्वयन कार्ययोजना तथा व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमार्फत व्यापार प्रवर्द्धनमा टेवा पुग्ने गरी कार्यक्रम कार्यान्वयन भइरहेको उनले जानकारी दिए ।

लामो समयदेखि रोकिएको स्टार्टअप नीति, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको उल्लेख गर्दै मन्त्री भण्डारीले स्टार्टअपलाई कर्जा प्रवाह गर्न विभिन्न एक सय ८३ प्रस्ताव छनोट गरी काम अघि बढिसकेको स्पष्ट पार्नुभयो । 'गोरखकाली रबर उद्योग, जनकपुर चुरोट कारखाना लि, नेपाल ओरियण्ट म्याग्नेसाइट प्रालि, नेपाल मेटल कम्पनी लि, बुटवल धागो कारखाना, विराटनगर जुट मिल्स, हेटौँडा कपडा उद्योगसमेत बन्द भएका सार्वजनिक संस्थान तथा हेटौँडा सिमेन्ट र उदयपुर सिमेन्ट उद्योग जस्ता दुई रुग्ण उद्योगसमेत गरी नौ वटा सार्वजनिक संस्थान सञ्चालनका विकल्प पहिचान गरिएको छ', उनले भने ।

औद्योगिक पूर्वाधार विकास कार्यक्रम अन्तरगत औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा विशेष आर्थिक क्षेत्र निर्माण, विकास तथा सञ्चालन गर्ने गरी प्राथमिकताकासाथ कार्य अगाडि बढाइएको जानकारी गराउँदै मन्त्री भण्डारीले व्यापार लजिस्टिक्स पूर्वाधारको रणनीतिक तथा एकीकृत विकास गर्न लजिस्टिक्स गुरूयोजना तर्जुमा गरी सोही अनुरूप पूर्वाधार विकास गरिने तयारी गरिएको बताए । स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थ, सीप तथा प्रविधिको उपयोग गरी लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन गर्न औद्योगिक ग्रामको निर्माण र विकास गर्ने गरी कार्य अगाडि बढाइएको उल्लेख गर्दै उनले हालसम्म एक सय २० औद्योगिक ग्राम घोषणा भएका, ६ वटा घोषणा हुने क्रममा रहेका तथा सम्बन्धित स्थानीय तहबाट औद्योगिक ग्राम निर्माण र विकासको कार्य भइरहेको स्पष्ट पारे ।

लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, सीप विकास तथ प्रविधि हस्तान्तरणका लागि कार्यक्रम प्रस्ताव गरिएको जानकारी गराउँदै मन्त्री भण्डारीले विजनेश इन्कुवेसन सेन्टर स्थापना, सीपमूलक कार्यक्रम तथा स्टार्टअप कोष कार्यान्वयन गर्न आगामी आर्थिक वर्षका लागि कार्यक्रम र बजेट प्रस्ताव भएको बताए । उनले उपभोक्ता हित संरक्षण गर्न उपभोक्ता अदालत गठन प्रक्रियाका लागि बजेट विनियोजन गर्नुका साथै बजारमा माग उच्च हुने तथा मूल्य अस्वभाविक रूपमा वृद्धि हुनसक्ने अवस्थालाई दृष्टिगत गरी रणनीतिक रूपमा संयुक्त बजार अनुगमनलाई तीव्रता दिइने बताए ।

## 'असल नियत राख्नेसँग सहकार्य हुन्छ'

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री वर्षमान पुनले करदातालाई कर तिर्न प्रेरित गर्नका लागि मातहत निकायलाई निर्देशन दिएका छन् । चालु आर्थिक वर्षको अन्तिम महिनामा राजश्व संकलन बढाउने उद्देश्यले कर र राजश्व प्रशासनसँग सम्बन्धित वरिष्ठ कर्मचारीहरूलाई आज मन्त्रालयमा बोलाएर उनले सामूहिक निर्देशन दिएका हुन् । 'करदातालाई अनुचित ढङ्गले दबाब दिने होइन उचित ढङ्गले कर तिर्न प्रेरित गरौँ', उनले भने, 'राज्य करदाताको अभिभावक पनि हो । 'डिक्टेटर' जस्तो व्यवहार नगरी सहजीकरण गर्नुपर्छ, सहकार्य गर्नुपर्छ ।'

उनले असल नियतले काम गर्ने करदाताका जायज गुनासा सुन्न र कानूनले मिलेसम्म सम्बोधन गर्न पनि पनि निर्देशन दिए । तर, अनुचित र गलत प्रवृत्तिको संरक्षण गर्न नसकिने उनले स्पष्ट पारे । खराब प्रवृत्तिसँग राज्यले राज्यकै रूपमा प्रस्तुत हुने उनको भनाइ थियो ।

'कडाइ गर्नुपर्ने ठाउँमा कडाइ र खुकुलो गर्नुपर्नेमा खुकुलो गर्नुपर्छ', उनले भने, 'राम्रा करदातासँग असल र मैत्रीपूर्ण व्यवहार गर्नुस् । कर छल्ने गलत प्रवृत्तिसँग भने राज्यले राज्यकै रूपमा प्रस्तुत हुनुपर्छ ।' लगानी गरेर असल नियतले नाफा कमाउन चाहने उद्योगी-व्यवसायीलाई सहजीकरण गर्नु राज्यको दायित्व भएकाले त्यसमा कुनै कमी नहुन पनि उनले निर्देशन दिए ।

'असल तवरले लगानी गरेर नाफा कमाउनुस् । राज्यले त्यसका लागि सहजीकरण गर्छ । तर, जसरी हुन्छ मुनाफा आर्जन गर्नुपर्छ भन्ने प्रवृत्तिलाई पनि निरुत्साहित गरिन्छ', मन्त्री पुनले भने । उनले राजनीति, प्रशासन र व्यवसाय सबैतिर स्वार्थ समूह रहेको चर्चा गर्दै स्वार्थ समूहबाट अलग रहन कर्मचारीलाई आग्रह गरे । उनले आफूले अमूख व्यावसायिक घरानाको पक्ष वा विपक्षमा काम गर्न कहिल्यै संकेतसम्म नरहेको भन्दै सबैलाई काम गर्ने वातावरण दिएको उल्लेख गरे । तर, सेवाप्रवाहमा ढिलासुस्ती र अनावश्यक हैरानी दिने काम भए स्वीकार्य नहुने बताए । सेवा प्रवाह पारदर्शी, वैज्ञानिक र छिटोछरितो बनाउन मन्त्री पुनको निर्देशन थियो ।

'तपाईंहरू सबैलाई म भन्न चाहन्छु कि सेवाग्राहीका काममा ढिलासुस्ती नगरौँ', उनले भने, 'आफू पनि सेवाग्राही भएर एकपटक सोच्नुस कि सेवाप्रवाहमा ढिला हुँदा कस्तो महसुस गर्नुहुन्छ ।'

फरक प्रसंगमा उनले चालु आर्थिक वर्षको बजेटमा स्रोतको अनुमान वस्तुवादी नभएकाले राजश्व संकलनको लक्ष्य भेटाउन कठिन रहेको औंल्याए । बजेटमार्फत निर्धारण गरिएका राजश्वसहित अन्य स्रोतका अनुमान नमिल्दा आममानिसमा बजेटप्रतिको विश्वसनीयता नरहने अवस्था आएकाले यसपटक सच्याउन खोजिएको उनले बताए । 'विगतदेखि नै हाम्रो बजेट र स्रोतको अनुमान मिल्ने गरेको छैन । त्यसले बजेट निर्माणमै गम्भीर प्रश्न उठेको थियो', उनले भने, 'यसपटक हामीले मानिसहरूले पत्याउने गरी यथार्थपरक रूपमा बजेट र स्रोतको लक्ष्य निर्धारण गरेका छौं । बजेटको आकार र राजश्व संकलनको लक्ष्य वस्तुगतरूपले नजिक ल्याएका छौं ।'

मन्त्री पुनले चालु आर्थिक वर्षमा सरकार आफैं निर्धारण गरेका लक्ष्यको एक चौथाइ स्रोत पनि जुटाउन नसक्नु गम्भीर विषय भएकाले यसपटक सच्याउने प्रयास गरिएको स्पष्ट पारे । 'अरुलाई ढाँट्न सकिन्छ । आफैंलाई ढाँट्न सकिँदैन । आर्थिक वर्ष सकिनै लाग्दा हामीमाथि सबैले प्रश्न गर्छन् । जवाफ दिन हामीले आफूलाई तयार राख्नैपर्छ ।'

त्यसक्रममा अर्थसचिव मधुकुमार मरासिनी र राजश्व सचिव डा. रामप्रसाद घिमिरेले चालु आर्थिक वर्षको अन्तिम महिना असारमा बक्यौता असुलीलाई तीव्रता दिन निर्देशन दिए । उनीहरूले चालु आर्थिक वर्षको राजश्व संकलनको अन्तिम लक्ष्य भेट्न अधिकतम प्रयास गर्नुपर्नेमा जोड दिए । गत आवको तुलनामा आर्थिक वृद्धिदरमा सुधार भएको अवस्थामा राजश्व संकलन सन्तोषजनक हुन नसक्नुको कारणबारे समीक्षा हुने सचिवद्वयको भनाइ थियो ।

आन्तरिक राजश्व विभागका प्रमुख शिवलाल तिवारी र भन्सार विभाग प्रमुख ढुण्डीप्रसाद निरौलाले राजश्व संकलनको अवस्था, चुनौती र सम्भावनाबारे प्रस्तुति दिएका थिए । छलफलमा मन्त्रालयका विभागीय प्रमुखहरू दुवै विभागका महानिर्देशक, उपमहानिर्देशक र निर्देशकहरू, काठमाडौंस्थित कार्यालय प्रमुखहरू, कर र राजश्व प्रशासनका अधिकृतहरू उपस्थित थिए । उपत्यकाबाहिरका कार्यालय प्रमुखले पनि भर्चुअल माध्यमबाट सहभागिता जनाएका थिए ।

## कर्पोरेट

### सिद्धार्थ बैंकको 'सिद्धार्थ रिवार्ड्स' योजना




**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंकले 'सिद्धार्थ रिवार्ड्स' योजना सञ्चालनमा ल्याएको छ । बैंकले नक्सालस्थित आफ्नो प्रधान कार्यालय भवनमा बैंकका प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन समूह, सञ्चारकर्मीका साथै बैंकमा कार्यरत कर्मचारीको उपस्थितिमा एक कार्यक्रम आयोजना गरी यसयोजनालाई सार्वजनिक गरेको छ ।

यस योजनाअन्तर्गत ग्राहकले बैंकको कार्ड प्रयोग गरी गरेको खरिद र मोबाइल बैकिङबाट गरेको टपअपका आधारमा रिवार्डस पोइन्टस प्राप्त गर्न सक्नेछन् । प्राप्त पोइन्टर्स हवाई टिकट, होटेल, पसल, उपहार कार्ड, बिमा तथा इन्टरनेट बिल पेमेन्ट आदिजस्ता विभिन्न सेवा लिँदा नगदको सट्टा प्रयोग गर्न सक्नेछन् ।

सिद्धार्थ रिवार्डस सार्वजनिक गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत सुन्दरप्रसाद कँडेलले यसको सुरुवातले डिजिटल भुक्तानीमा एक रोमाञ्चक र नयाँ अध्यायको सुरुवात गरी ग्राहकको बैंकिङ अनुभवलाई अझ गुणस्तरीय बनाउन मद्दत पुऱ्याउने बताए । साथै, बैंकका नायव प्रमुख कार्यकारी अधिकृत रामेश्वरप्रसाद बस्यालले ग्राहकको सन्तुष्टिलाई उच्च प्राथमिकतामा राखी कसरी पृथक् एवं नवीन सेवा प्रदान गर्न सकिन्छ भन्नेमा बैंक सदैव केन्द्रित रहेको बताए ।

### सिटी एक्सप्रेस र युएईको अल जजिराबीच रेमिट्यान्स सम्झौता

**काठमाडौं (प्रस)–** युएईको ख्यातिप्राप्त अल् जजिरा एक्सचेन्ज र सिटी एक्सप्रेस मनी ट्रान्सफर बिच रेमिटान्स कारोबार सुरु भएको छ । युएईमा रहेका नेपालीहरूले अल् जजिरा एक्सचेन्जको सेवा प्रयोग गरी सिटी एक्सप्रेस मार्फत सजिलै आफ्नो आफन्तलाई नेपालमा पैसा पठाउन सकिने जनाइएको छ ।

नेपालमा सिटी एक्सप्रेससँग आबद्ध २५,००० भन्दा बढि एजेन्टहरूबाट सजिलै भुक्तानी लिन सकिन्छ र नेपालको जुन सुकै बैंकको खातामा पनि रकम जम्मा अथवा मोबाईल वालेटमा लोड गर्न सकिन्छ ।यस सम्झौताका आधारमा युएईमा बैदेशिक रोजगारीमा रहेका नेपाली दाजुभाई तथा दिदीबहिनीहरूलाई सहज र गुणस्तरिय बिप्रेषण सेवा प्रदान हुने विश्वास लिन सकिन्छ ।

सिटी एक्सप्रेस मनी ट्रान्सफरले रेमिटान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउँदै बिगत १७ वर्षदेखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ । हालै सिटी एक्सप्रेस मनी ट्रान्सफरले सिटी पे वालेट मार्फत अनलाइन भुक्तानीको सेवा र रेमिटेन्स भुक्तानी सुचारु गरेको छ । अल् जजिरा एक्सचेन्जबाट पठाएको रकम सिटी पे वालेटमार्फत प्रोमो कोड सिटि १०० प्रयोग गरी भुक्तानी लिँदा रु. १०० सम्म बोनस पाउन सकिने पनि जनाइएको छ ।

### कुमारी बैंक र एनडी ३९ विजनेस ग्रुपबीच सम्झौता

**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेड र एनडी थर्टी-९ विजनेस ग्रुप प्रालि (फिली) बीच सम्झौता भएको छ । सम्झौताअनुसार कुमारी बैंक लिमिटेडका ग्राहकलाई फिलीबाट प्रदान गरिने सेवा तथा सुबिधाहरूमा विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ ।




यस सम्झौता अनुसार कुमारी बैंक लिमिटेडका ग्राहकले फिलीका लाजिम्पाट, लबिम मल पुल्चोक, ठमेल र बौद्धस्थित शाखाहरूबाट सेवा लिए बापत गर्नुपर्ने कुनै पनि भुक्तानी कुमारी बैंकको डेबिट/क्रेडिट कार्ड अथवा क्यूआरद्वारा गर्दा १० प्रतिशत छुट प्राप्त गर्न सकिनेछ । यस सुविधाबाट ग्राहक महानुभावहरूले गुणस्तरिय सेवा प्राप्त गर्नुका साथै अहिलेको आर्थिक अवस्थामा आफ्ना ग्राहक महानुभावहरूलाई सहज प्रक्रियाबाट पाउन सकिने छुटले प्रोत्सहान गर्नुका साथै आर्थिक अवस्थालाई सुदृढ पार्न मद्दत गर्नेमा बैंक विश्वस्त रहेको छ ।

विगत २२ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१४ एटिएम, ४९ विस्तारित काउन्टर तथा ५९ शाखा रहित बैंकिङ्ग ईकाईहरू मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने प्रतिबद्धता जनाएको छ ।

कोरोना भाइरस रोगबाट बच्ने उपायहरू
◆ बेलाबेलामा साबुनपानीले मिचिमिचि हात धुने वा अलकोहल भएको स्यानिटाइजर प्रयोग गर्ने
◆ खोक्दा हाछ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने
◆ हात मिलाउनु वा अंकमाल गर्नुको सट्टा, नमस्कार गर्ने
◆ भिडभाडमा नजाने
पछिल्लो समयमा केपी प्रजातिको नयाँ भेरियन्ट समेत देखा परेकाले जनस्वास्थ्यका मापदण्ड पालना गर्न अनुरोध गरिन्छ ।
नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
Goverment of Nepal
Department of Water Supply and Sewerage Management
JFPR Japan Fund for Prosperous and Resilient Asia and the Pacific
From the People of Japan
ADB

सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध

यस प्रभाव दैनिक प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८०/०८१ को बक्यौता रकम २०८१ असार २५ गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं ।

लेखा शाखा
प्रभाव दैनिक प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल, फोनः ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइलः ९७६१८१५४००
Email: marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन पा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ